# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३३२ | काठमाडौं | आइतबार, १९ चैत २०७९ | Prabhab National Daily | Sunday, 02 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## मिटरब्याजपीडितसँग पाँच बुँदे सहमति

■ निलकुमारी थापा मगर

**काठमाडौं–** सरकार र मिटरब्याजविरुद्धको संघर्ष समितिबीच पाँच बुँदे सहमति भएको छ । शनिबार भएको सहमतिअनुसार सरकारले मिटरब्याजपीडितको समस्या समाधानका लागि आयोग गठन गर्नेछ ।

गृह मन्त्रालयका सूचना अधिकारी दिलकुमार तामाङले अब बस्ने मन्त्रिपरिषद् बैठकबाट जाँचबुझ आयोग गठन गर्नेगरी सरकारलाई सिफारिस गरिने बताए । आयोगले मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिकरूपले अप्ठेरो

- सरकारले मिटरब्याजपीडितको समस्या समाधानका लागि आयोग गठन गर्ने
- मिटरब्याज अपराध नियन्त्रण कार्यदलले २७ भदौमा बुझाएको प्रतिवेदनका सिफारिसहरु शीघ्र कार्यान्वयन गर्ने

परिस्थितिमा रहेका व्यक्तिहरूसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनदेनभन्दा बढीको तमसुक बनाउने, ऋणिको जायजेथा नियनत्रणमा लिने र ऋणको दुष्चक्रमा फसाएर विभिन्न शोषण गरिएकोबारे जाँचबुझ गर्नेछ ।

सूचना अधिकारी तामाङका अनुसार आयोगको नेतृत्व पूर्वन्यायाधीश वा आयुक्त तहबाट हुनेछ । आयोगमा नेपाल प्रहरीका महानिरीक्षक र महान्यायाधिवक्ता पनि सदस्य रहने छन् । आयोगको संरचना सबै जिल्लामा रहने व्यवस्था गर्ने सरकारको तयारी पनि छ ।

मिटरब्याजपीडितको नियमित आउने गुनासा सम्बोधनका लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्तरीय समन्वय र सहजीकरण समिति गठन गरिने पनि सहमतिमा उल्लेख छ ।

गृहमन्त्रालयकै सहसचिव भीष्मकुमार भुसाल संयोजक रहेको मिटरब्याज अपराध नियन्त्रण कार्यदलले २७ भदौमा बुझाएको प्रतिवेदनका सिफारिसहरूलाई शीघ्र कार्यान्वयन गर्ने सहमति पनि भएको छ । सहमतिअनुसार आन्दोलनरत मिटरब्याज पीडितहरूले भने जाँचबुझ आयोग गठनपछि मात्रै संघर्षको कार्यक्रम समाप्त गर्ने छन् ।

सहमति हुनुभन्दा पहिले भने प्रधानमन्त्री पुष्पकमल दाहालसँग पीडितहरूले भेटवार्ता गरेका थिए । त्यस क्रममा पीडितहरू प्रधानमन्त्रीकै अगाडि भक्कानिएका थिए । प्रधानमन्त्री दाहालले उनीहरूलाई आफ्नै कार्यकालमा कानुन बनाएर सरकारले दीर्घकालीनरूपमै मिटरब्याजपीडितको समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

'अब ऐन बनाउने काम पनि सरकारले गर्छ । कानुन बनाएर दीर्घकालीनरूपमा नै यस समस्या समाधान गर्छौं । (**बाँकी पृष्ठ २ मा**)

# तीन कुर्सीमा हाँपझाँप

- रास्वपाले तनहुँ-१, चितवन-२ र बारा-२ मा उम्मेदवार तय गर्दा कांग्रेस र एमालेको तनहुँ-१ र चितवन-२ मा मात्रै
- राप्रपा र जसपाले उम्मेदवार छान्न बाँकी
- जनमतले बारा-२ मा उम्मेदवार छान्यो
- माओवादीले उपनिर्वाचन हुने कहीँ पनि उम्मेदवार नउठाउने




### ४ मंसिरको परिणाम

**चितवन–२**
रवि लामिछाने (रास्वपा) : ४९,२६४
उमेश श्रेष्ठ (कांग्रेस) : १४,९८३
कृष्णभक्त पोखरेल (एमाले) : १४,६६७

**तनहुँ–१**
रामचन्द्र पौडेल (कांग्रेस) : २५,३१८
एकबहादुर राना (एमाले) : १९,९४३
गोविन्दराज जोशी (स्वतन्त्र) : ६,८७८

**बारा–२**
रामसहायप्रसाद यादव (जसपा) : १३,८२२
शिवचन्द्र कुशवाहा (माओवादी) : १३,४६८
रामकिशोरप्रसाद यादव (स्वतन्त्र) : ११,०४३

■ जेबी योञ्जन

**काठमाडौं–** आगामी १० वैशाखमा प्रतिनिधिसभाको रिक्त तीन सांसदका लागि हुने उपनिर्वाचनमा राजनीतिक दलहरूले उम्मेदवार छनोट गरेका छन् । उपनिर्वाचन हुने तनहुँ-१, चितवन-२ र बारा-२ मा हो ।

यी निर्वाचन क्षेत्रमा अबको २२औं दिनमा हुने उपनिर्वाचनका लागि दलहरूले केही पहिले हारेका, जितेका र केही नयाँ नेतालाई अघि सारे । नेपाली कांग्रेसले बिहीबारको कार्यसम्पादन समितिको बैठकबाट तनहुँ-१ मा गोविन्द भट्टराई र चितवन-२ मा निवर्तमान सभापति जितनारायण श्रेष्ठलाई उम्मेदवार बनाएको छ । दुवैजना कांग्रेसका प्रभावशाली युवा नेता हुन् ।

गत चार मंसिरमा भएको निर्वाचनमा तनहुँ-१ बाट वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचन जितेका थिए । चितवन-२ मा भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने निर्वाचित भएका थिए ।

कांग्रेस सहमहामन्त्री भीष्मराज आङ्देम्बेका अनुसार बारा-२ मा भने उम्मेदवार खडा गर्ने कि नगर्ने भन्ने आज (आइतबार) टुंगो लाग्नेछ । त्यहाँ जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव उम्मेदवार बन्ने सम्भावना छ । उनै यादवलाई कांग्रेससहित गठबन्धनका धेरै दलले समर्थन गर्न सक्ने सम्भावना छ ।

यादव उम्मेदवार हुने भन्ने निर्वाचन क्षेत्रमा यसअघि सोही दलका रामसहायप्रसाद यादव निर्वाचित भएका थिए । उनी उपराष्ट्रपति भएपछि उक्त निर्वाचन क्षेत्र सोही दलका अध्यक्ष उपेन्द्र गठबन्धनको साझा उम्मेदवार बन्ने सम्भावना छ । उनी जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउतसँग यसअघि सप्तरी-२ मा पराजित भएका नेता हुन् ।

नेकपा एमालेले भने शनिबार तनहुँ-१ मा पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाललाई उम्मेदवार बनाएको छ । चितवन-२ मा पार्टीका जिल्ला अध्यक्ष रामप्रसाद न्यौपानेलाई उम्मेदवार बनाउने निर्णय गरिएको पार्टी उपमहासचिव पृथ्वी सुब्बा गुरुङले बताएका छन् ।

खनाल जिल्लाकै भानु नगरपीलकाका स्थायीवासिन्दा हुन् । उनी २०७७ सालको वैशाखमा जसपाका तत्कालीन सांसद डा. सुरेन्द्र यादवलाई अपहरण गरेको भनिएको घटनामा मुछिएका पूर्वप्रहरी महानिरीक्षक हुन् । उनै खनाललाई उम्मेदवार तनहुँ-१ मा उम्मेदवार बनाएको एमालेले बारा-२ मा उम्मेदवारको टुंगो लगाएन ।

'पार्टी सचिवालय बैठकले तनहुँ-१ मा र चितवन-२ मा मात्रै उम्मेदवार छनोट गरेको हो । बारा-२ मा केही दिनमै छनोट हुन्छ,' बैठकपछि पत्रकार सम्मेलनमा उपमहासचिव गुरुङले भने ।

प्रतिनिधिसभाको चौंथो दलीय हैसियतमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले तीनवटै निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरेको छ । पार्टी सभापति लामिछाने चितवन-२, अर्थविद् डा. स्वर्णिम वाग्ले तनहुँ-१ र नेपाल प्रहरीका पूर्वडिआइजी रमेश खरेल बारा-२ मा उम्मेदवार बनेका छन् । शनिबार पार्टी कार्यालय बसुन्धरामा पत्रकार (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'वैदेशिक रोजगारीलाई मर्यादित र पारदर्शी बनाउन पहल गर्छु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरदसिंह भण्डारीले वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने बताएका छन् । उनले रोजगारीका लागि विदेश जाने नेपाली युवाले अन्तर्राष्ट्रिय श्रम बजारमा सम्मानकासाथ काम गर्नसक्ने वातावरण निर्माण गर्न वैदेशिक रोजगारीलाई थप व्यवस्थित र सुरक्षित बनाउनुपर्ने बताएका हुन् ।

शनिबार ललितपुरको बाँडेगाउँस्थित कांग्रेसका संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई आश्रमको अवलोकन एवं निरीक्षणका लागि पुगेका मन्त्री भण्डारीले वैदेशिक रोजगारमा गएका नेपालीको राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान भएकाले यसलाई व्यवस्थित र सुरक्षित बनाउन सक्दो पहल गर्ने बताए । 'रेमिटचान्समार्फत अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सम्मान र इज्जतकासाथ काम गर्न सक्ने वातावरण निर्माण हुनेछ,' उनले भने, 'उनीहरूलाई विश्वबजारमा आफ्नो श्रम प्रयोग गर्नसक्ने



वातावरण सरकारले बनाउँछ, यसमा श्रम मन्त्रालयले काम गर्नेछ ।'

मन्त्री भण्डारीले बाध्य भएर नेपालीहरू रोजगारीको लागि विदेशिनु परेको भन्दै ठूलो संख्यामा गैरकानुनी ढंगले विभिन्न देशमा गइरहेकोप्रति सजग हुनुपर्ने अवस्था आएको बताए । उनले गैरकानुनी क्रियाकलाप रोक्न र रोजगारी गन्तव्य बढाउन विभिन्न देशसँग दौत्य सम्बन्ध स्थापित गरी सहज बनाउने बताए । मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा हुने ठगी, गैरकानुनी कामको अन्त्य गर्दै श्रमिकको हकहितका लागि काम गर्ने सम्मानित मन्त्रालयका रूपमा अगाडि बढाउन आफू लागिपर्ने बताए । उनले स्वदेशमा नै रोजगारी सिर्जना गराउन भूमिका निर्वाह गर्ने बताउँदै वैदेशिक रोजगारीलाई भरपर्दो बनाउन श्रम गन्तव्य मुलुकसँग सरकारले कूटनीतिक सम्बन्धलाई मजबुत पार्न जोड दिने बताए ।

मन्त्री भण्डारीले यसअघि शुक्रबार सिंहदरबारस्थित मन्त्रालयमा पदबहालीका क्रममा पनि वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र प्रतिष्ठित बनाइने प्रतिबद्धता व्यक्त गरेका थिए । मुलुकको समृद्धिमा श्रम मन्त्रालयको भूमिका र योगदानलाई स्मरणयोग्य हुनेगरी कार्य सञ्चालन गरिने बताएका मन्त्री भण्डारीले मन्त्रालयको सम्पूर्ण कामकारबाही पुनरवलोकन हुने संकेत गरेका छन् । पदबहालीका क्रममा उनले अभिमुखीकरण तालिम प्रदायक संस्थाका क्रियाकलापलाई थप प्रभावकारी बनाउन कार्यदल गठन गर्नेसम्बन्धी निर्णयसमेत गरिसकेका छन् । उनले सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी वैदेशिक रोजगारीमा प्रतिस्पर्धी बनाउन अभिमुखीकरण तालिम दिने संस्थालाई उत्तरदायी बनाउन पहल गरिने बताए ।

## वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन अन्तर्क्रिया

**खोटाङ (प्रस)–** खोटाङमा वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन प्रहरीसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले सञ्चालन गरिरहेको सुरक्षित आप्रवास सामी कार्यक्रमअन्तर्गत खोटाङ जिल्लाभरिका ४२ जना प्रहरीहरूको उपस्थितिमा सुरक्षित वैदेशिक रोजगारीको सवालमा अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको हो ।

वैदेशिक रोजगारसम्बन्धीको विषयलाई प्राथमिकतामा राख्न जिल्ला प्रहरी कार्यालय खोटाङले प्रहरी निरीक्षक बेनु कार्कीलाई फोकल पर्सन तोकिएको छ । त्यस्तै सामी कार्यक्रमको तर्फबाट परामर्शकर्ता लीला निरौलाले फोकल पर्सनको रूपमा समन्वय र सहजीकरण गर्ने बताइएको छ । सामी परियोजनाले विभिन्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारसम्बन्धी जनस्तरमा चेतनामुलक कार्यक्रम तथा अन्तर्क्रिया गर्दै आइरहेको छ ।

## सामाजिक सुरक्षा योजनामा आबद्ध हुन आग्रह

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका क्षेत्र र यससँग जोडिएर काम गरिरहेका निजी क्षेत्रलाई सामाजिक सुरक्षा योजनामा सामेल हुन आग्रह गरेको छ । वैदेशिक रोजगारीसम्बन्धी गतिविधिमा जोडिएका सबै म्यानपावर कम्पनी, स्वास्थ्य परीक्षण गर्ने संस्था, बिमा, अभिमुखीकरण तालिम प्रदायक कम्पनी र वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा कोषको रकम चलाइरहेका बैंकका कर्मचारीलाई सामाजिक सुरक्षा योजनामा सामेल हुन आग्रह गरेको हो ।

विभागले जारी गरेको सूचनामा सामाजिक सुरक्षा कोषमा विभिन्न क्षेत्रमा काम गरिरहेका श्रमिकहरू आबद्ध भइरहेको सन्दर्भमा वैदेशिक रोजागर चक्रमा संलग्न हुने सम्पूर्ण संस्था तथा कम्पनी र कोषको रकम परिचालन गर्ने बैंकका कर्मचारीसमेत समाजिक सुरक्षा योजनामा आबद्ध गराउनुपर्ने उल्लेख गरिएको छ ।

वैदेशिक रोजगारीको चक्रिय प्रणालीमा काम गरिरहेका सबै संस्थाहरू, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्डसमेत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत काम गर्ने संस्था भएकाले उनीलाई यस योजनामा अनिवार्य आबद्ध गराउने प्रक्रियामा लागेको विभागका महानिर्देशक उमाकान्त आचार्यले बताए । 'सामाजिक सुरक्षा योजना श्रम मन्त्रालयअन्तर्गत सञ्चालन हुने हुँदा यसका मातहत हुने सबै निकाय, संस्थाहरूलाई अनिवार्य आबद्धताको पहल थलिएको हो,' उनले भने ।

हाल वैदेशिक रोजगारीसम्बन्धी काम गर्ने इजाजतपत्र प्राप्त संस्था (म्यानपावर) को संख्या ८७८, स्वास्थ्य परीक्षण गर्ने संस्था २२२, अभिमुखीकरण तालिम प्रदायक संस्था १४३, बिमा कम्पनी १५, वैदेशिक रोजगार विभाग, बोर्ड र सामाजिक सुरक्षा कोषको रकम परिचालन गर्ने बैंकको संख्या १८ वटा रहेको विभागले जनाएको छ ।




## मदन भण्डारी राजमार्ग

# निर्धारित मितिमा सम्पन्न नहुने निश्चित

■ सञ्चिता घिमिरे

**काठमाडौं–** मदन भण्डारी राजमार्ग आयोजना लक्षित समयमा सम्पन्न नहुने भएको छ । बर्सेनि कम बजेट विनियोजन हुँदा राष्ट्रिय प्राथमिकता प्राप्त सो आयोजना निर्धारित मितिमा सम्पन्न नहुने भएको हो । आगामी आर्थिक वर्ष २०८१/८२ सम्ममा सम्पन्न गर्नुपर्ने आयोजनाअन्तर्गत कतै निर्माण भर्खर सुरु भएको छ त कतै-कतै ठेक्कामा जानसमेत बाँकी रहेको जनाइएको छ ।

आयोजनाले हालसम्म ४५४ किलोमिटर ठेक्का व्यवस्थापन भएकामा २६३ किलोमिटर सम्पन्न भएको छ । अझै २८६ किलोमिटर ठेक्कामा जान बाँकी रहेकामा १८० किलोमिटर सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको आयोजनाले जनाएको छ । सो खण्डमा स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा फाइल पठाइएको आयोजनाका सूचना अधिकारी शिवशरण तिमल्सिनाले बताए । चालु आवमा सरकारले २४ किलोमिटरको लक्ष्य रहेको छ । उनले भने, 'अहिलेसम्मको बजेट विनियोजन, अर्थ मन्त्रालयबाट दिइने स्रोत सुनिश्चितता, बहुवर्षीय ठेक्का सहमतिका आधारमा त्यो अवधिमा नसकिने देखिएको छ ।'

आयोजनाका लागि सुरु विनियोजित बजेट नै कम हुने गरेको आयोजनाले जनाएको छ । वार्षिकरूपमा पाँच अर्बमाथि खर्च हुने भए पनि चालु आवमा सुरु विनियोजन रु दुई अर्ब ८२ करोड थियो । उनले भने, 'कम्तीमा गत आव जतिको खर्च हुन्छ । आवको अन्त्यमा जाँदा बर्सेनि थप बजेट माग्नुपर्ने अवस्था रहेको छ ।'

बर्सेनि विनियोजित बजेट न्यून हुँदा आवको अन्त्यमा थप बजेट माग्नुपर्ने अवस्था रहँदै आएको छ । निर्माण व्यवसायीले बिल पेस गरेर रकम माग गर्ने तर समयमा पैसा नपाएपछि काम सुस्त गर्ने हुने उनले बताए । यसले गर्दा मजदुरले ज्याला नपाउने र निर्माण सामग्रीको पैसा दिन नसकेपछि पैसा नआउँदासम्म काम रोक्नुपर्ने हुनसक्ने उनको भनाइ छ ।

आयोजनाअन्तर्गत ठेक्कामा जान बाँकी सडक र पुल दुवैका आधारमा तोकिएको अवधिमा आयोजना सम्पन्न नहुने देखिएको सूचना अधिकारी तिमल्सिनाले जानकारी दिए । बहुवर्षीय ठेक्का सहमति चाहिने र अर्थ मन्त्रालयबाट सहमति आएपछि ठेक्का व्यवस्थापन गर्न केही समय लाग्ने उनले बताए ।

अहिले चलिरहेको ठेक्काको प्रगति राम्रो रहेको आयोजनाको दाबी छ । समयमा बजेट र स्रोत सुनिश्चितता नहुँदा कति वर्षमा सकिन्छ भन्न नसकिने भए पनि बजेट पर्याप्त हुँदा अबको तीनदेखि चार वर्षमा सम्पन्न गर्न सकिने सूचना अधिकारी तिमल्सिनाले जानकारी दिए । उनले भने, 'प्रगति बढाउनका लागि सुरु विनियोजन राम्रो हुनुपर्छ र स्रोत सुनिश्चितता हुनुपर्छ ।'

ठेक्कामा जान बाँकी पुल छोटा र लामा दुवै किसिमका पुल रहेको उनले बताए । कर्णाली नदीलगायत ठूला नदीमा पुल बनाउनुपर्ने रहेकामा त्यो लामो हुने देखिएको छ । अरुतिर डेढदेखि २०० मिटरसम्मका पुल निर्माण गर्नुपर्ने उनले बताए ।

अहिले निर्माण भइरहेको धरान-झापा खण्डमा जम्मा सात मिटर मुख्य सडक र दुवैतर्फ दुई-दुई मिटर नाली र पैदलयात्रुमार्ग गरी ११ मिटर रहेको छ । तराईमा ११ मिटर भए पनि पहाडमा छेउ संरचनाको भाग घटाएर डेढ मिटर त कतै ७५ सेन्टिमिटरमात्रै गरेर घटाइएको सूचना अधिकारी तिमल्सिनाले बताए । उनले भने, 'भूगोलअनुसार चौडाइ कायम गरिएको छ ।'

सडकको चौडाइको समस्या बजार क्षेत्रमा बढी रहेको छ । साविकको बाटो चौडा गर्दा घर र टहरा पर्ने ठाउँमा समस्या रहेको उनले बताए । निर्माणाधीन अरु सडकमा जस्तै यो राजमार्गमा पनि सडकको अधिकार क्षेत्रका कारण समस्या आइरहेको छ । धरान, सुनसरी, मोरङ र झापामा अहिले निर्माणको काम भइरहेको छ । जुन-जुन ठाउँमा निर्माण भयो त्यहाँ-त्यहाँ समस्या आइरहेको उनले बताए ।

अन्य निकायले यसअघि नै निर्माण भइरहेका सडकलाई कतिपय ठाउँमा अरु राजमार्गसँग जोड्ने वा गाभिने गरी सडक निर्माण गरिएको आयोजनाले जनाएको छ । विगतमा सञ्चालनमा रहेका सडक जोडेर बनाइएकाले पनि भइरहेको सडकको स्तरोन्नतिको काम बढी रहेको उनले बताए । उनले भने, 'हेटौंडाबाट गैंडाकोटसम्म महेन्द्र राजमार्ग, सिन्धुलीमा गए पनि बिपी राजजमार्ग, पश्चिममा रत्न राजमार्गमा गएर राजमार्ग मिसिएको छ ।'

पहिलो चरणमा भइरहेका राजमार्गमा जोड्ने काम नै भइरहेको उनले बताए । राजमार्गको स्तरमा नभएका स्थानमा पनि दुई लेनमा सडक स्तरोन्नति गरिने उनले बताए । अहिले रिडी-तम्घासको २५ किलोमिटर खण्डमा दुई लेनमा स्तरोन्नति भइरहेको छ । अहिले एक वा मध्यवर्ती (इन्टरमेडिएट) सडकलाई दुई लेनमा लैजाने गरी छलफल भइरहेको उनले बताए । उनले भने, 'अबका दिनमा अरुको स्वामित्वको सडक पनि दुई लेनमा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ ।'

केही समय पहिले गृह मन्त्रालयले खानी उत्खननमा गरेको कडाइका कारण निर्माण सामग्री पाउन गाह्रो हुन थालेको थियो । अहिले खुलाइएकाले केही सजिलो भएको सूचना अधिकारी तिमल्सिनाले बताए । चुरे फेदीमा राजमार्ग बन्ने र त्यस क्षेत्रमा उत्खनन सजिलो नभएकाले समय-समयमा समस्या आइरहेको उनले बताए ।

राजमार्ग निर्माणका क्रममा रुख कटानको समेत समस्या आइरहेको छ । धरान-झापामा वन कटानका लागि परिमार्जित अध्ययन गरेर सहमति लिन फाइल उठाइएको उनले बताए । पहिले अध्ययन गरेको भए पनि काट्नुपर्ने रुख संख्या थपघट भएर पुनः गर्नुपर्ने भएकाले पुनः गरिएको हो ।

आयोजनाअन्तर्गतका योजना कार्यालयले अहिले धरान-झापा, गुल्मी, सुर्खेतलगायतका जिल्लामा काम गरिरहेका छन् । पूर्वी खण्डमा धरान-झापा खण्डमा केही बाँकी छ भने पश्चिम खण्डमा बढी काम बाँकी रहेको छ । पूर्व-पश्चिम जोड्ने चौथो राजमार्गका रूपमा रहेको सो राजमार्गको लम्बाइ एक हजार ३९० किलोमिटर रहेको छ । त्यसमध्ये पनि आयोजनाले जम्मा ७४० किलोमिटर सडक र १८५ पुलको निर्माण गरिरहेको छ ।

२०७५ जेठ ६ को मन्त्रिपरिषद् बैठकबाट मदन भण्डारी राजमार्ग नामकरण गरेर निर्माण सुरु गरिएको थियो । त्यतिबेला लक्ष्य निर्धारण नभए पनि सरकारले नीति तथा कार्यक्रममा आव २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको थियो । *रासस*

## तीन कुर्सीमा...

पृष्ठ १ बाट जारी

सम्मेलन गर्दै सभापति लामिछानेले उपनिर्वाचनमा कुनै दलसँग चुनावी गठबन्धन नगरिने बताए । उनले भने, 'रास्वपाले चुनावमा गठबन्धन गर्दैन । निर्वाचन आयोगले नै असाध्यै परिस्थितिबाहेक चुनाव लड्दा गठबन्धन गर्न दिन हुँदैन भनेको छ ।'

लामिछाने गत ४ मंसिरमा भएको निर्वाचनबाट अत्यधिक मतसहित चितवन-२ बाट निर्वाचित भएका थिए । तर, पुनः नेपाली नागरिकता प्राप्तिको प्रक्रिया पूरा नगरेको भन्दै परेको मुद्दामा सर्वोच्च अदालतले दोषी ठहर गरेपछि उनको सांसद पद खारेज भएको थियो । पछि उनले नागरिकता प्राप्त गरिसकेका छन् । र, फेरि सोही निर्वाचन क्षेत्रबाट उम्मेदवार बन्न लागेका हुन् ।

अर्थविद् वाग्ले बिहीबार कांग्रेस छाडेका नेता हुन् । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष भइसकेका उनी कांग्रेस सभापति शेरबहादुर देउवा र देउवापत्नी आरजुप्रति आरोपैआरोप लगाएर कांग्रेसबाट अलग भए । देउवाले नै उनलाई आयोगको उपाध्यक्ष बनाएको थियो ।

अर्का, रास्वपा उम्मेदवार खरेलले प्रहरी संगठनमा हुँदा राम्रो छवि बनाएका थिए । उनी नेपाल सुशासन पार्टीका अध्यक्ष हुन् । उनी काठमाडौं-१ मा कांग्रेस नेता प्रकाशमानसिंहसँग धेरै मतान्तरले पराजित भएका थिए । यिनै दुई नेता खरेल र वाग्लेसँगै आफूलाई उम्मेदवारको रूपमा प्रस्तुत गर्दै रास्वपा सभापति लामिछानेले आगामी पाँच वर्षपछि पहिलो दल बन्ने दाबी गरे ।

यसरी कांग्रेस, एमाले र रास्वपाले तीन निर्वाचन क्षेत्रमा हुने उपनिर्वाचनका लागि उम्मेदवार खडा गर्दा सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र भने मौन छ । माओवादी नेता सूर्यमान दोङका अनुसार माओवादीले यी तीनवटै निर्वाचन क्षेत्रमा ग ठबन्धनका अन्य दलहरूलाई सहयोग गर्नेछ ।

राजावादी दल राप्रपाले भने उम्मेदवार खडा गर्ने भएको छ । पार्टी उपाध्यक्ष बुद्धिमान तामाङ बारा-२, अर्का उपाध्यक्ष विक्रम पाण्डे चितवन-२ र कोषाध्यक्ष नीलकण्ठ काफ्ले तनहुँ-१ मा उम्मेदवार छनोट गर्न खटिएका छन् । उम्मेदवारको भने टुंगो लगाएको छैन ।

प्रतिनिधिसभाको अर्को दल जनमत पार्टीले बारा-२ मा माओवादी छाडेका शिवचन्द्र कुशवाहालाई उम्मेदवार बनाउने बिहीबार नै घोषणा गरेको छ । उनी यसअघि त्यहाँ हालका उपराष्ट्रपति यादवसँग पराजित भएका थिए । अन्य साना दलहरूले पनि उपनिर्वाचन हुने क्षेत्रहरूमा दल दर्ता गरेर उम्मेदवार तय गरेका छन् ।

निर्वाचन आयोगका अनुसार शनिबार निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । अन्तिम मतदाता नामावली प्रकाशन भइसकेको छ । मंगलबार भने उम्मेदवारको मनोनयन दर्ता हुने कार्यक्रम रहेको आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले बताए । यही चैत २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी निर्वाचन चिह्न प्रदान गरिने भएको छ । आगामी १० वैशाखमा हुने निर्वाचनका दिन बिहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म मतदान हुने आयोगको भनाइ छ ।

# 'मिटरब्याजी समस्याको दीर्घकालीन समाधान गर्छौं'

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले मिटरब्याजपीडितको समस्यालाई स्थायीरूपमा हल गर्न सरकारले काम अघि बढाएको बताएका छन् । शनिबार बिहान मिटरब्याजपीडितसँग सरकारी निवास बालुवाटारमा भेट गर्दै उनले सामन्तवादको अवशेषका रूपमा रहेको मिटरब्याजलाई सधैंका लागि अन्त्य गर्न सरकार गम्भीर रहेको बताए ।

मिटरब्याजको दीर्घकालीन समाधानका लागि विद्यमान कानुन अपर्याप्त भएको भन्दै प्रधानमन्त्री दाहालले कानुन निर्माणको काम अन्तिम चरणमा पुगेको बताए । 'पीडितका समस्या समाधान गर्न न्यायिक अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठनको प्रक्रियासमेत अघि बढेको छ,' उनले बताए ।



मिटरब्याज समस्यालाई लिएर मन्त्रिपरिषद् बैठकबाट नै एउटा उच्चस्तरीय आयोग बनाई तत्काल 'फिल्ड'मा गएर कारबाही गर्नसक्ने तथा न्यायिक अधिकार प्रयोग गर्नसक्ने आयोग बनाइने प्रधानमन्त्री दाहालले उल्लेख गरे । 'त्यो प्रक्रिया अघि बढिसकेको छ,' उनले भने, 'यसअघि जस्तो आयोग बन्ने, प्रतिवेदन बुझाउने र त्यो थन्किने जस्तो होइन, यो आयोग 'र्‍यापिड एक्सन फोर्स' जस्तो गरेर जाओस्, त्यसले मान्छेलाई बोलाउने, पूर्जी काट्ने र कारबाही गर्ने खालको होस् भनेर निर्देशन दिएको छु ।'

मिटरब्याजपीडितको समस्याबारे आफू जानकार रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले पार्टी अध्यक्षको हैसियतमा रहेका बेलासमेत मिटरब्याजीमाथि कारबाहीका लागि पहल गरेको बताए ।

'म नेकपाको अध्यक्ष हुँदा मिटरब्याजपीडितको समस्या विस्तृतमा सुनेको थिएँ । तीनवटै सुरक्षा अंग र गृहमन्त्रीलाई बोलाएर मिटरब्याजीको समस्या तुरुन्तै समाधान गर्न आग्रह गरेको थिएँ । केही मान्छे त समातिए । त्यो बेला मिटरब्याजी भागाभाग पनि भए । तर यसको दिगो समाधान भने भएन । त्यो बेला अर्कै व्यक्ति प्रधानमन्त्री हुनुहुन्थ्यो । यो पटक म प्रधानमन्त्री छु । यसको दिगो समाधानमा मेरो ध्यान छ,' उनले भने ।

अहिले यो समस्या पूर्णरूपमा समाधान गर्न नसके यसले गम्भीर रूप लिने प्रधानमन्त्री दाहालको भनाइ थियो । 'मिटरब्याजीलाई ऐनद्वारा नै कारबाही गर्न सकियोस्, उनीहरूमाथि मुद्दा चलाउन सकियोस् भनेर ऐन बनाउने प्रक्रिया अघि बढाइएको छ,' उनले भने, 'अहिले यो समस्या समाधान नभए कहिल्यै हुन्न, त्यसैले यो समस्याको दीर्घकालीन समाधान अहिल्यै गर्नुपर्छ ।'

## मिटरब्याजपीडितसँग...

पृष्ठ १ बाट जारी

म यो समस्या समाधानका लागि गर्न पर्ने सबै काम गर्छु ढुक्क हुनुस्,' दाहालले मिटरब्याज पीडितहरूसँग शनिबार भने ।

नभन्दै दाहालले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई मिटरब्याज पीडितसँग थप छलफल गराउँदै समस्या समाधानका लागि पाँच बुँदे सहमति गराए । सहमतिपछि गृहमन्त्री श्रेष्ठले सहमति कार्यान्वयन गराउन आफू प्रतिबद्ध रहेको बताएका छन् ।

पीडितहरू गाउँमा साहुकारसँग लिएको चर्को ब्याजको ऋण (मिटरब्याज)ले जायजेथा गुमाउनुपरेको भन्दै मधेसका विभिन्न जिल्लाबाट पैदलै हिँडेर काठमाडौंमा आएका हुन् । उनीहरूले लगातार काठमाडौंमा पनि प्रदर्शन गरे । उनीहरूको प्रदर्शनलाई विभिन्न दल र नागरिक समाजले पनि ऐक्यबद्धता जनाएका थिए ।

*(प्रशिक्षार्थी पत्रकार)*



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत १९ गते, आइतबार

| | |
|---|---|
| **मेष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **वृष** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मिथुन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **कर्कट** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **सिंह** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **कन्या** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **तुला** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृश्चिक** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| **धनु** | असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

### प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

### अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

### शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

### नेपाल राष्ट्र बैंक

चैत १९ गते, २०७९, ०२ अप्रिल, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.६८ | १३२.२८ |
| युरो | १ को | १४१.३२ | १४१.९६ |
| पाउन्ड स्टर्लिङ | १ को | १६०.७९ | १६१.५३ |
| स्विस फ्रैन्क | १ को | १४३.३६ | १४४.०२ |
| अस्ट्रेलियन डलर | १ को | ८७.४६ | ८७.८६ |
| क्यानाडियन डलर | १ को | ९५.५७ | ९६.०१ |
| सिंगापुर डलर | १ को | ९८.७२ | ९९.१७ |
| जापानी येन | १० को | १०.१५ | १०.२० |
| चिनियाँ युआन | १ को | १९.१५ | १९.२३ |
| साउदी अरब रियाल | १ को | ३५.०५ | ३५.२१ |
| कतारी रियाल | १ को | ३६.१७ | ३६.३३ |
| थाई भाट | १ को | ३.८६ | ३.८७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.८५ | ३६.०२ |
| मलेसियन रिंगेट | १ को | २९.७४ | २९.८७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१४ |
| स्विडिस क्रोनर | १ को | १२.६२ | १२.६८ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १६.७८ | १६.८५ |
| कुवेती दिनार | १ को | ४३०.१९ | ४३२.१५ |
| बहराइन दिनार | १ को | ३४९.१८ | ३५०.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तेमालमा थपियो नयाँ तीर्थस्थल

## टेकानपुरमा नवनिर्मित उग्येन पेज्युङ डुब्देलिङ गुम्बाको उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ र स्याल्पा तेन्जिन रिन्पोछेद्वारा उद्घाटन

■ **प्रभाव संवाददाता**



**तेमाल–** काभ्रेपलाञ्चोकको तेमाल भ्रमण गर्नेहरूका लागि अर्को एउटा तीर्थस्थल थपिएको छ । तेमाल गाउँपालिका-८ योगर, टेकानपुरमा नवनिर्मित उग्येन पेज्युङ डुब्देलिङ गुम्बा नयाँ तीर्थस्थल बनेको हो । हालै निर्माण सम्पन्न भएको उक्त गुम्बाको शनिबार उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठ र बौद्ध धर्म गुरु स्याल्पा तेञ्जिन रिन्पोछेले संयुक्तरूपमा उद्घाटन गरे ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले जनताको सामाजिक, आर्थिक रूपान्तरण गर्दै विकास र समृद्धि नै सरकारको मुख्य कार्यभार भएको बताए । उनले जनताको आकांक्षाअनुसारको काम गर्न आफूहरू दृढ भएर लागिरहेको स्पष्ट पारे ।

विकास र समृद्धिको कार्यभार नेपाली जनताको अपेक्षाअनुसार पूरा गर्न नसकिएको बताउँदै उनले सरकारले एउटैमात्र उद्देश्य 'सामाजिक, आर्थिक रूपान्तरण विकास र समृद्धि' जसको प्रतिफल आमजनताले उपभोग गर्न पाउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री श्रेष्ठले बिपी राजमार्गको माम्दी पुलबाट तेमाल गाउँपालिकाको मेच्छेपौवास्थित म्हानेगाङसम्मको मोटरबाटोको जिम्मा सरकारको तर्फबाट आफूले लिने वाचा गरे ।

प्राप्त राजनीतिक उपलब्धिलाई कुनै पनि कोणबाट गुम्न नदिई अझ बलियो बनाउने काममा लाग्न आग्रह गर्दै गृहमन्त्री श्रेष्ठले प्राप्त उपलब्धिलाई कमजोर पार्न खोज्ने प्रवृत्ति र असंवैधानिक क्रियाकलापविरुद्ध खबरदारी गरिरहनुपर्नेमा जोड दिए । उनले जनताको सहयोगबाट निर्माण भएको गुम्बाबाट यहाँका स्थानीयको आस्थालाई प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य सूर्यमान दोङले जनताको अपेक्षा रहेको शिक्षा, स्वास्थ्य, बाटो कृषि र रोजगारलाई अभियानकै रूपमा अगाडि बढाउने काममा आफू प्रतिबद्ध रहेको बताए । सो क्रममा उनले निर्माण भएको गुम्बाको संरक्षण गर्ने जिम्मा समाजको रहेकाले त्यसमा सबैले ध्यान दिन आग्रह गरे ।

गुम्बा व्यवस्थापन समितिका अध्यक्ष जगतमान लामा दोङले कर्मकाण्डका लागि मात्र नभई समाजसँग जोड्दै बुद्धका शिक्षालाई अगाडि बढाउने उद्देश्यका साथ गुम्बा निर्माण गरेको बताए । गुम्बामा परम्परागत ज्ञानमा आधारित उपचार पद्धतिलाई सोही गुम्बाबाट सुरु गर्ने योजनासमेत रहेको उनले जानकारी दिए ।

गुरु पद्मसम्भवको तपोभूमि, धार्मिक, ऐतिहासिक एवं तामाङ समुदायको ऐतिहासिकस्थल काभ्रेपलाञ्चोकको तेमालमा स्थानीय बासिन्दाको सक्रियतामा आम सहयोगीदाताको सहयोगबाट निर्माण भएको गुम्बाको लामा गुरु क्याब्जे श्याल्पा तेञ्जिन रेन्पोछेबाट ह्राप्ने पूजा गरी गुम्बाको उद्घाटन गरिएको थियो ।

सो क्रममा गुम्बा व्यवस्थापन समितिका अध्यक्ष दोङले गाउँमा शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनसँगै पक्की मोटरबाटो गाउँको विकासको मुख्य आवश्यक रहेको भन्दै माम्दीबाट पौवाको म्हानेगाङसम्म बाटो निर्माण गर्न आग्रह गरे । अध्यक्ष दोङको बुवाआमाका नाममा रहेको दुई रोपनी १५ आना जग्गा गुम्बाका नाममा दान गरेपछि आवश्यक रकम जुटाएर गुम्बा निर्माण सम्पन्न गरेको उपभोक्ता समितिले जनाएको छ । २७ महिना लगाएर गुम्बा निर्माणपश्चात् उद्घाटन भएपछि स्थानीय बासिन्दा हर्षित भएका छन् ।

गुम्बामा भगवान् बुद्ध, गुरु रिन्पोछे (गुरु पद्मसम्भव) तथा तामाङ राजा ह्रिञ्जेन दोर्जेको इतिहास लेख्ने योजनासमेत रहेको अध्यक्ष दोङले बताए । यस क्षेत्रमा धार्मिक पर्यटन प्रवर्द्धनमासमेत गुम्बाले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# बेमौसमी हिमपातले जनजीवन असहज

**ताप्लेजुङ–** ताप्लेजुङमा विगतका वर्षहरूमा फागुन अन्तिमदेखि नै हिउँ पर्ने क्रम क्रमशः घट्दै जान्थ्यो । पुसदेखि फागुनसम्म हिमपातले हिमाल र उच्च पहाडी क्षेत्रका टाकुरा सेताम्मे हुने गर्थे । त्यसपछि क्रमशः हिउँ पर्ने क्रम न्यून हुँदै चैतदेखि मौसम न्यानो र खुला हुन्थ्यो । तर, यस वर्ष त्यसको ठीकविपरीत भएको छ । पुस-माघमा हिउँ नपरेर चैत लागेदेखि सामान्य वर्षासँगै हिमपात भइरहेको छ ।

पछिल्लो समय दैनिकजसो साँझ, बेलुका वर्षा भइरहेको छ भने उच्च क्षेत्रमा हिमपात भइरहेको छ । शुक्रबार बेलुका तीन हजार ७९४ मिटरको उचाइमा पर्ने पाथीभरासहितका उच्च क्षेत्रमा बाक्लो हिमपात भएको छ । यसअघि सामान्य हिमपात भए पनि यति धेरै हिउँ खसेको थिएन । साँझ परेपछि वर्षा हुने र हिउँ पर्ने क्रम केही दिनदेखि चलिरहेको हिमाली बस्ती घुन्साका दीपक शेर्पाले बताए ।

यता ओलाङचुङगोलामासमेत केही दिनदेखि सामान्य वर्षासहित हिमपात भइरहेको छ । यो वर्ष ढिलो गरेर हिमपात भए पनि विगतका वर्षमा जस्तो बाक्लो हिमपात भने भएको छैन । 'विगतमा यतिबेलाको जस्तो चैतमा हिउँ पर्दैनथ्यो, यो वर्ष हिउँ पर्ने बेला पुस-माघमा मौसम खुला भयो, हिजोआज वर्षा र हिमपात भइरहेको छ,' शेर्पाले भने ।

यो वर्ष शुक्रबार पहिलोपटक केही उच्च क्षेत्रका गाउँमासमेत हिउँ परेको छ । सिरीजंघा गाउँपालिकामा पर्ने याम्फुदिन, मामांखे, मिक्वाखोला गाउँपालिकाको पापुङलगायतका गाउँमा हिमपात भएको स्थानीयले बताए । हिउँदको समयमा पानी नपर्दा हिउँदे बालीनाली फस्टाउन नसके पनि पछिल्लो समयमा परेको वर्षाले भने किसानलाई सामान्य राहत मिलेको छ । तर, तल्लो क्षेत्रसम्म नै हिउँ पर्दा भने अलैंची बालीमा क्षति हुन्छ । 'अलैंची, मकै, जौं, गहुँ, तरकारी र फलफूल खेतीका लागि हिउँदमै वर्षा हुनुपर्थ्यो, यो वर्ष हिउँदमा वर्षा भएन तैपनि आजभोलिको वर्षाले सामान्य राहत मिलेको छ,' फावाखोलाका कमल विष्टले भने । तर यतिबेला पर्ने हिउँले अलैंची खेतीलाई भने असर गर्ने उनको भनाइ छ । बाक्लो हिउँले अलैंचीका बोट ढल्ने, हिमपातपछि चर्को घाम लाग्दा बोट सुक्नेजस्ता समस्या देखिने गरेको उनले बताए ।

ताप्लेजुङमा यो वर्ष फागुन मध्यतिर फाट्टफुट्ट वर्षा र हिमपात भएको थियो । त्यसयता निकै दिनपछि चैत लाग्दादेखि सामान्यतया वर्षा भइरहेको छ । उच्च क्षेत्रमा भएको बेमौसमी हिमपातले आलुखेतीमा असर पुर्‍याएको छ । मानव बसोबास रहेका यहाँका हिमाली गाउँ घुन्सा, याङ्मा, ग्याब्ला, फले, ओलाङचुङगोलालगायतमा यतिबेला आलु रोपिसकिएको छ । केही दिनअघि रोपिएको आलु नउर्मिँदै हिउँ परेकाले बीउ कुहिन सक्ने सम्भावना भएको स्थानीयले बताएका छन् । 'हिजोआज भर्खरै आलु रोपिसकिएको छ, आलु उर्मिने बेलामा निरन्तर हिउँ पर्‍यो भने माटोभित्रै बीउ वा बीउको अंकुरण कुहिने सम्भावना हुन्छ,' घुन्साका दीपक शेर्पाले भने ।

यहाँका हिमाली बस्ती तथा गाउँको मुख्य खेती भनेकै आलु हो । आलुखेतीबाटै स्थानीयवासीले आम्दानी लिन्छन् । आलु फलाएर तल्लो क्षेत्रका बासिन्दासँग अन्न साटेर लैजाने चलन छ । उच्च क्षेत्रमा अन्नबाली नहुने भएकाले औलका मानिससँग आलुसँग अन्न साटेर लैजाने गरिएको हो ।

यता बेमौसमी हिमपातले बालीनालीमा मात्रै नभई वन्यजन्तु र बोटबिरुवामासमेत असर पुग्ने बताइन्छ । समयमा हिउँ नपर्दा चिसोमा अभ्यस्त बोटबिरुवा र वन्यजन्तुमा असर पुग्छ भने न्यानो मौसम हुने सिजनमा हिउँ पर्दा पनि बोटबिरुवा र वन्यजन्तुलाई असर पुग्छ । वसन्त ऋतुमा हुने बाक्लो हिमपातले फूल फुलेका र पालुवा फेरेका बोटबिरुवालाई वृद्धि विकास हुनबाट रोक्छ । यस्तै न्यानो खोजिरहेका जीवजनावर तथा वन्यजन्तुलाई समेत एक्कासि पर्ने हिमपातले कठिनाइ हुने गरेको स्थानीयवासीले बताएका छन् ।

बेमौसमी हिमपातले चिसो बढेसँगै उच्च क्षेत्रका बासिन्दालाई समेत असहज भएको स्थानीयले बताएका छन् । *रासस*

# बाटोकै सास्ती !



■ **भूमिराज पिठातोली**

**बझाङ–** चट्टानै चट्टान भएको भीरमा साँघुरो बाटो । यताउता फर्कनै नमिल्ने । माथि हेर्दा चट्टान खस्लाझैं, तल हेर्दा आङै सिरिङ हुने । त्यही बाटोमा भारी बोकेर यात्रा गर्छन्, तलकोट गाउँपालिका-२ रुवातोलाका गोविन्द बोहरा । उनी हरेक महिना छ-सात पटक गह्रुँगो भारीसहित तीन दिन पैदलयात्रा गरेर साइपाल पुग्छन् ।

भारी बोकेरै जीविकोपार्जन गर्ने उनलाई सरकारले रोजगारी दिएन भन्ने गुनासो छैन । सरकारले बाटो मात्रै बनाइदिए उनको मनमा शान्ति हुने बोहराको भनाइ छ । 'जीविकोपार्जनका लागि साइपालको भारी बोक्नुपर्छ,' उनले भने, 'साइपालमा भारी बोकेर जान सबैभन्दा समस्या यही बाटोमा हुन्छ । पालिकाले रोजगारी नदिए पनि बाटो मात्रै बनाइदिए हामीलाई ठूलो राहत हुने थियो ।'

रूपातोलाको किर्किटचाबाट अहिलेसम्म बाटो काटिएको छैन । चट्टान तथा पहिराको बीचमा चौपायाले टेकेका पाइलामा पाइला मिलाएर यात्रा गरेको पनि पाँच वर्ष भइसक्यो । मानवबस्तीको सबैभन्दा अन्तिम गाउँ साइपालको न्युना, बलौडी तथा धुलीका लागि पिठ्चूँमा भारी बोक्दै हिँड्ने उनलाई सबैभन्दा कठिन यात्रा कालडाँडासम्मको लाग्छ ।

कालडाँडादेखि किर्किटचासम्मको दूरी झण्डै २५ किलोमिटर छ । 'यो बाटोमा संयमता नअपनाए कोही पनि फर्केर आउन सक्दैन,' बोहराले भने, 'भारी पिठ्चूँमा बोकेर एकछिन पनि पर्खन सकिन्न । माथिबाट ढुंगा खस्ला भन्ने डर, तलबाट खुट्टा चिप्लिने डर । संयोगवश अहिलेसम्म दुःखद खबर भएको छैन ।' बोहराका अनुसार रूपातोलाको किर्किटचाबाट भारी बोकेर कालडाँडा पुग्न १२ घण्टा लाग्छ । 'कालडाँडा तलको खोला (ठूले खोला)सम्म पुग्नै साढे पाँच घण्टा लाग्छ । त्यसपछि उकालै उकालो । त्यो यात्रा पार गरेपछि भने बाँचे जस्तै लाग्छ,' उनले भने ।

गैरीडाँडामा भेटिए, रूपातोलाका दीपक बोहरा । गैरीडाँडा कालडाँडा र ठुले खोलाको बीचमा पर्छ । उनी साइपालको न्यूनामा बन्दै गरेको एउटा घरको रङसहित सामान बोकेर आएका हुन् । कालडाँडा पुग्न यहाँबाट साढे दुई घण्टाको यात्रा गर्नुपर्छ । 'जोखिम बाटोको बढी भाग त काटेँ । कालडाँडा पुगेपछि मात्रै साइपाल पुगेजस्तै हुन्छ,' उनले भने । दीपकले कालडाँडा पुगेपछि साइपाल जाने बाटो भने केही सहज भएको बताए । साइपालको न्यूना गाउँ पुग्न कालडाँडाबाट झन्डै १० घण्टा उकालो ओरालो हिँड्नुपर्छ । 'साइपालले फराकिलो बाटो बनाएको हुँदा जता पनि भारी बिसाउन सकिन्छ । आराम गर्दै हिँड्न सकिने भएकाले बाटोको समस्या हुँदैन,' उनले भने ।

दीपक हरेक महिनामा चार/पाँच पटक त्यही बाटो ओहोरदोहोर गर्छन् । धुलीसम्म पिठ्चूँमा भारी बोकेर परिवारको गुजारा गर्छन् । दीपकले भने, 'तीन-चार दिनको यात्रा गरेर धुलीसम्म पुर्‍याएको सामानको ज्यालाले परिवार पाल्नुपर्छ ।' उनले भारी बोकेको पैसाबाट कर तिरिरहेको बताउँदै सरकारले बाटो नबनाइदिएकामा गुनासो गरे ।

रूपातोलाका महादेव जोशी पुजारी छन् । उनका जजमान (पूजा लगाई माग्ने समुदाय) साइपालमा छन् । पूजाआजा हुने साइतदेखि औंसी पूर्णिमाको दिन जोशी साइपाल पुग्छन् । न्यूना र बलौडीमा पूजाका लागि उन घरबाट एक दिनअघि नै निस्कनुपर्छ । 'आफू पुजारी भएकाले सामानको भरी बोक्नु पर्दैन, रित्तै आउनुपर्ने हुन्छ । भारी बोक्नेहरूको जस्तो समस्या मैले भोगेको छैन,' उनले भने, 'भारी बोकेर आउनेहरूलाई त बाटो 'काल' जस्तै हो । सरकारले बाटोका लागि वास्तै गर्दैन ।'

किर्किटचा-गैरीडाँडा-कालडाँडा बाटो हिँड्ने तलकोटको रूपातोलावासी मात्रै नभई साइपालको न्युना र बलौडीबासी पनि नियमित ओहोरदोहोर गर्छन् । 'माथिबाट तलकोट क्षेत्रको करिब तीन घण्टा लाग्ने बाटो साइपालले काटेको छ । तलको भाग तलकोटले काटेर बाटो खोलीदिए सबैलाई सहज हुन्थ्यो,' न्युनाका प्रदीप बोहराले भने । लेकको ठाउँ त्यसमाथि जोखिम पूर्णयात्रा गर्दा बाटोका कारण सबैलाई जोखिम भएको उनले बताए । 'घरबाट निस्कनेबित्तिकै किर्किटचा-गैरीडाँडा-कालडाँडा बाटोको यात्रा सफल होस् भनेर परिवारले पुकार गर्छन्,' प्रदीपले भने, 'बर्खायाममा तलकोट-साइपाल यात्रा नै बन्द हुन्छ । काँडा भएर जान छ दिन पैदल यात्रा गर्नुपर्छ । अझ कहिलेकाहीँ खोला बढेर जानै सकिँदैन ।' हिउँदमा यहाँका बासिन्दाले यही चट्टानको बाटो भएर बोकेर ल्याइएका खाद्य तथा दैनिक उपभोग हुने सामानबाट गुजारा गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

तलकोटको सिमाना काउल्यासम्म हो । काउल्यादेखि कालडाँडा पुग्न झन्डै पाँच घण्टा समय लाग्छ । त्यो बाटो सबै साइपाल गाउँपालिकाले काटेको छ । तलकोट गाउँपालिकालाई बाटोका लागि धेरै प्रयास गर्दा पनि सुनुवाइ नभएको गोविन्दले बताए । 'दुई चारजना गएर त्यो बाटो कटिँदैन,' उनले भने, 'पालिकाले बजेट विनियोजन गरेमा सबैलाई ढुक्कले हिँड्ने बाटो बनाउन सकिन्थ्यो ।'

बाटो निर्माणका लागि स्थानीय सरकारलाई पटक-पटक जानकारी गराए पनि वास्ता नगरेको गोविन्दले गुनासो गरे । 'यस वर्ष पनि धेरै भन्यौं, वडासँग जहिल्यै झगडा पर्छ । बाटोका लागि कुनै सरकारले चासो देखाउँदैनन्,' उनले भने ।

गाउँपालिका अध्यक्ष कलकबहादुर रोकायाले बाटो निर्माणका लागि पहल भइरहेको बताए । उनले भने, 'म पालिकामा आएदेखि नै बाटोका निर्माणका लागि कार्यपालिकामा निर्णय गरेर डेढ लाख रूपैयाँ छुट्याएका छौं । विस्तारै काम हुनेछ र आवश्यकताअनुसार बजेट पनि थप्नेछौं ।'

पालिकामा नयाँ सरकार बनेको अब एक वर्ष पुग्न लागेको छ । बाटो खन्ने तयारीसमेत नभएकाले अध्यक्षको कुरा पत्याउन नसकिने स्थानीय कलकबहादुर बोहोराले बताए । 'हामी जहिल्यै पालिकामा जाँदा 'अब बन्छ' भन्ने आश्वासन मात्रै दिनुहुन्छ । अहिलेसम्म बाटोका लागि केही पहल भएको छैन । अब यो आर्थिक वर्षसम्म आशा गरौं केही हुन्छ कि !,' उनले भने । *रासस*

# लागुऔषध सेवन गर्ने सवारी चालक नियन्त्रणमा

**काठमाडौं (प्रस)–** ट्राफिक प्रहरीले काठमाडौंको कोटेश्वरबाट लागुऔषध सेवन गरी सवारीसाधन चलाउने चार जनालाई नियन्त्रणमा लिएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कोटेश्वर क्षेत्रमा गरेको विशेष चेकिङका क्रममा लागुऔषध सेवन गरी सवारीसाधन चलाउने चार चालकलाई शुक्रबार राति नियन्त्रणमा लिएको हो ।

ट्राफिक प्रहरीले बा ५ ख ८४५५ नम्बरको ट्रिपर चालक दोलखाका २४ वर्षीय कुमार कार्की, बा ४ ख ७३४७ नम्बरको ट्रिपरका चालक काभ्रेपलाञ्चोकका ३३ वर्षीय विजय तामाङ, बा १ ज ८९६१ नम्बरको ट्याक्सीका चालक सिन्धुलीका २३ वर्षीय ईन्द्रबहादुर बस्नेत र बागमती प्रदेश-०३-००१ ख १००४ नम्बरको लहरीका चालक नुवाकोटका २६ वर्षीय अर्जुन लामालाई पक्राउ गरेको हो ।


**Narainapur Rural Municipality**

**Office of Rural Municipal Executive**

***Narainapur, Banke***

**Lumbini Province, Nepal**

**INVITATION FOR OPENING OF PRICE BIDS**

***Publication Date: 19th Chaitra, 2079 (2nd April, 2023)***

With reference to the bid notice published on 9th Magh 2079 (23/01/2023) in National Daily for the contract mentioned below, the following bidder is selected as responsive bidder from the technical evaluation and hence invited to attend in the price bid opening as per clause 25.7 of ITB, section 1 of the bid document.

***Detail of Technical Evaluation***

***Name of the Project : Construction Of Eight Room Two Storey School Building in Jaya Kishan Higher Secondar School Gangapur, Narainapur -06, Banke***

***IFB No: NRM/WORKS/NCB/BUILDING/02-2079/080***

| S.N. | Name of Bidder | Remarks |
|---|---|---|
| 1 | Contour Infra Pvt. Ltd. | Responsive |
| 2 | N.S.T Construction Pvt. Ltd. | Responsive |
| 3 | J K Builders | Responsive |
| 4 | Panta - Badimalika JV | Responsive |
| 5 | Ruby Construction | Responsive |
| 6 | Nagarik Energy Development Company Pvt. Ltd. | Responsive |
| 7 | Bhattari - Premraaj Engineers JV | Responsive |
| 8 | Sitaram Nirman Sewa | Responsive |

**Detail of Price Bid Opening**

**Place : Narainapur Rural Municipality Office, Narainapur, Banke**

**Date : 2079/12/26 (9th April - 2023)**

**Time : 1:00 PM**

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### न्यायमा विलम्ब नगर

**प्रधानमन्त्री पुष्पकमल दाहालकै सामुन्ने मिटरब्याजीपीडितको आँसु बग्यो । त्यो आँसुमा खुसीको झल्को थिएन । बरु, नवसामन्त मिटरब्याजीको असह्य अन्याय थियो । अत्याचार थियो । त्यसकै विम्ब आँसु प्रधानमन्त्रीकै सामन्नु पीडितहरूको आँखाबाट झऱ्यो । सायद त्यही देखेर प्रधानमन्त्रीले शनिबार बालुवाटारमा भने, 'मेरै कार्यकालमा तपाईंहरूलाई न्याय दिन्छु ।'**

**प्रधानमन्त्रीमन्त्रीसँग पीडितहरूको एउटै बिन्ती छ– 'सरकार ! न्याय देऊ ।' उनीहरू न्याय माग्न ११ दिन कष्टकर रूपमा पैदलै हिंडेर मधेसका गाउँगाउँदेखि काठमाडौं आएका हुन् । काठमाडौंको सडकमै रात काटेर सरकारसँग न्याय मागे । अन्ततः झण्डै साता दिन हुँदा प्रधानमन्त्री दाहाल पीडितहरूसँग न्याय मगाइ सुन्न तयार भए । र, पीडितहरूको न्याय दिने भनेका छन् । मिटरब्याजीको उत्पीडनबारे जाँचबुझ गर्न आयोग गराउने भनिएको छ । जिल्ला तहमा पनि आयोगको संरचना विस्तार गर्ने सहमति पीडितहरूसँग गरिएको छ ।**

**सरकार ! जे–जे सहमति भए, तत्काल परिणाम आउनेगरी कार्यान्वयन होस् । विगतमा सहमति गर्ने र कार्यान्वयन फितलो भएको नजिर छ । यसपटक त्यस्तो नहोस् । किनभने, संविधानको प्रस्तावनामै उल्लेखित 'समाजवादोन्मुख' समाजको बाधक नवसामन्तको अर्को रूप मिटरब्याजी हुन् । जसले सर्वहारा वर्ग भनौं या श्रमिक वर्गमाथि आर्थिक उत्पीडन मच्याइरहेका छन् । फेरि, प्रधानमन्त्री आफैं पनि उत्पीडित वर्गका कथित नेता भएका कारण उनीहरूलाई जसरी न्याय दिलाउनैपर्छ । होइन भने शोषक वा सामन्तवर्गलाई दुश्मन ठान्ने र ती वर्गलाई खत्तम गर्ने भन्ने उनको द्वन्द्वकालीन मुद्दा सत्ता प्राप्ति खातिर सीमित थियो भन्न सकिन्छ ।**

**त्यही भएर प्रधानमन्त्रीले जसरी पनि मिटरब्याजीपीडितलाई अविलम्ब न्याय दिलाएर उनीहरूको अनुहारमा चमक ल्याइदिनुपर्छ । तर, शक्ति सिद्धान्तअनुसार जहिल्यै सामन्त वर्ग शक्तिशाली हुन्छ । जसको पहुँज राज्य संयन्त्रसँग बलियो रूपमा हुन्छ । यहाँ पीडक मिटरब्याजीहरूको पनि उस्तै छ । सार्वजनिक भइरहेका विवरणअनुसार मिटरब्याजीहरूको संरक्षक राजनीतिक दलहरू नै हुन् । अवैधानिक रूपमा दलहरूकै लुप्त संरक्षकत्वमा उनीहरूले गरिबहरूमाथि शोषण गर्दै आएका हुन् । यसकारण, उनीहरूमाथि भएको आर्थिक शोषणको मन्त्रिपरिषद् बैठकले गठन गर्ने भनिएको जाँचबुझ आयोगले सत्यतथ्य बाहिर ल्याओस् । र, मिटरब्याजीहरूले गरेको कसूरमा फौजदारी कानुन आकर्षित गर्न छिटो आवश्यक ऐन कानुन संसद्बाट पारित होस् । द्रूतमार्गबाट पीडितलाई न्याय मिलाइयोस् । अनि, मात्र लोककल्याणकारी राज्यको आभाष जनताले गर्ने छन् ।**

## मननयोग्य

### विदुर नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ कसूर ठहरिन्छ कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्न नै धर्म देवता हुन्, जसलाई यमराज पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ । ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्त कहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ । वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ ।

# जलनको प्राथमिक उपचार



▶▶ डा.रोजिना शिल्पकार

आगोको ज्वाला, तातो झोल पदार्थ, तातो वस्तुको सम्पर्कबाट हुने पोलाइ, विद्युतीय झट्का र रासायनिक पदार्थ छोइएर हुने चोटहरूलाई 'जलन' भनेर बुझिन्छ । नेपालमा जलनको समस्या प्रत्येक वर्ष, विशेषगरी जाडो मौसममा धेरै हुने गरेको देखिन्छ । जलनको उपचार कठिनाइपूर्ण, खर्चिलो र समय लाग्ने हुँदा यसले नेपालजस्तो आर्थिकरूपमा कमजोर मुलुकलाई गम्भीर असर पार्न सक्छ ।

कुनै पनि चोटपटक लागेको अवस्थामा वा कुनै रोगमापरेकालाई जीवन बचाउनका लागि गरिने तत्कालिक उपचार तथा समस्याबाट प्रभावित कुनै पनि व्यक्तिलाई तत्काल दिइने सहायतालाई प्राथमिक उपचार भनिन्छ । साथै, रोगको अवस्था बिग्रनबाट रोक्न गरिने उपचारलाई पनि प्राथमिक उपचार भनिन्छ ।

सामान्यतया जलन हुनेबित्तिकै घाउ बिग्रन नदिन वा जलनको बिरामीलाई थप खतराबाट मुक्त गर्नका लागि तत्कालै गरिने उपचारलाई प्राथमिक उपचार भनिन्छ । सबै प्रकारका जलनको पूर्ण उपचार स्वास्थ्यचौकीमा मात्र सम्भव नहुन सक्छ । सानोतिनो जलनका बिरामीहरू प्राथमिक उपचारपश्चात् घर फर्कन सक्छन् । तर, जलन गहिरो भएमा त्यस्तो बिरचामीलाई थप उपचारका लागि अस्पतालमा पठाउनुपर्ने हुन्छ । यस्तो बेलामा बिरामीको घाउ सफा गरी वा अन्य आवश्यक प्रारम्भिक उपचार गरी थप उपचारका लागि अस्पताल पठाउनुपर्छ । जलनको प्राथमिक उपचारका लागि तत्कालै निम्न कुराहरू गर्नु पर्दछः

- प्राथमिक उपचार सुरु गर्नुअघि जलनमा परेका व्यक्तिलाई जलनबाट उद्धार गर्नु पर्दछ । यसका लागि सर्वप्रथम जलिरहेको व्यक्तिलाई जलनको स्रोतबाट हटाइ सुरक्षित स्थानमा पुऱ्याउनुपर्दछ । तर, जलन भएको अवस्थामा आत्तिएर दगुर्नु हुँदैन ।
- जलेको पोलाइलाई कम गर्न जलन हुनेबित्तिकै जलनको घाउमा चिसो पानी खन्याउनुपर्छ । यसरी जलेको भागमा लगभग आधाघण्टा लगातार चिसो पानी खन्याउँदा जलनको कारण उत्पन्न भएको पोलाइ चिसो गराउँछ भने यसले जलनको गहिराइ र फैलावटलाई पनि रोक्ने कार्य गर्दछ । तर, यस्तो भागमा आइस/बरफको प्रयोग गर्नु हुँदैन । स-साना बालबालिका र वृद्धवृद्धामा जलन भएको अवस्थामा उनीहरूको शरीरलाई न्यानो राखी जलन भएको भागमा मात्र पानी खन्याउनुपर्दछ ।
- रासायनिक पदार्थको सम्पर्कबाट भएको जलनको परिप्रेक्ष्यमा जलेको ठाउँमा धेरै र छिटोछिटो पानी खन्याएर रासायनिक तत्त्वहरू हटाउनुपर्दछ । उदाहरणका लागि यदि शरीरको कुनै भागमा एसिड परेर जलन भएको छ भने उक्त भागमा सकेसम्म धेरै पानी खन्याउनुपर्दछ ।
- जलन भएको भागलाई सफा कपडाले छोपेर यथाशीघ्र अस्पताल लैजानुपर्छ ।
- कतिपय स्थानमा जलन भएको भागमा माटो, गोबर वा दाँत माझ्ने मञ्जन लगाउने गरिन्छ । तर, यस्तो गर्नु हुँदैन । यसले घाउ संक्रमण हुने सम्भावना हुन्छ ।
- जलनको समस्या सामान्यदेखि गम्भीर प्रकारका पनि हुन्छन् । सामान्य जलनलाई घरमा वा स्वास्थ्यचौकीमा उपचार गर्न सकिन्छ । तर, गम्भीर प्रकृतिका जलनलाई आपत्कालीन उपचार चाहिन्छ र यस्तो प्रकारका जलन प्रभावित व्यक्तिलाई अस्पतालमा नै पठाउनुपर्ने हुन्छ ।

प्राथमिक उपचार सुरू गर्नुअघि जलनमा परेका व्यक्तिलाई जलनबाट उद्धार गर्नु पर्दछ । यसका लागि सर्वप्रथम जलिरहेको व्यक्तिलाई जलनको स्रोतबाट हटाइ सुरक्षित स्थानमा पुऱ्याउनुपर्दछ । तर, जलन भएको अवस्थामा आत्तिएर दगुर्नु हुँदैन । जलेको पोलाइलाई कम गर्न जलन हुनेबित्तिकै जलनको घाउमा चिसो पानी खन्याउनुपर्छ । यसरी जलेको भागमा लगभग आधाघण्टा लगातार चिसो पानी खन्याउँदा जलनको कारण उत्पन्न भएको पोलाइ चिसो गराउँछ भने यसले जलनको गहिराइ र फैलावटलाई पनि रोक्ने कार्य गर्दछ । तर, यस्तो भागमा आइस/बरफको प्रयोग गर्नु हुँदैन ।

#### प्राथमिक उपचार गर्ने तरिका

मानौं एकजना गृहिणी महिलाले खाना पकाउँदा उनको सारीमा आगो टिपेर दुवै खुट्टा पुरै जल्यो भने सर्वप्रथम त उनको शरीरमा लागेको आगो निभाउनुपर्दछ । यसका लागि जलिरहेको व्यक्तिलाई भुइँमा लडिबुडी गर्न लगाइ आगो निभाउन सकिन्छ वा उनको शरीरमा कम्बल वा सुतीको कपडाले छोपेर आगो निभाउनुपर्दछ । त्यसपछि जलेको भागमा लगभग ३० मिनेट जति चिसो (बगिरहेको पानी) खन्याउनुपर्दछ र ढिलो नगरी बिरामीलाई तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्छ । यदि बिरामीलाई गाउँकै स्वास्थ्यचौकीमा लगिएको छ र बिरामीको जलनको घाउ ठूलो छ भने स्लाइन पानी दिँदै सकेसम्म छिटो अस्पताल पठाउनुपर्दछ । यदि जलनको घाउ सामान्य भएको अवस्थामा प्राथमिक उपचारका लागि स्वास्थ्यचौकीका स्वास्थ्यकर्मीले निम्न कुराहरू गर्नु पर्दछः

- सर्वप्रथम बिरामीलाई सफा स्थानमा सुताउने ।
- जलन भएको भाग नजिक कुनै कपडा वा गहना भए सुस्तरी हटाउने, तर यसलाई जबरजस्ती तरिकाले हटाउनु हुँदैन । जबरजस्ती हटाउन खोजिएमा यसले बिरामीको घाउमा अधिक क्षति पुऱ्याउँछ ।
- जलनको घाउ छिट्टै संक्रमण हुनसक्ने हुँदा जलेको भागलाई सफा कपडाले छोप्ने वा सफा ड्रेसिङ लगाउने ।
- संवेदनशील भाग जस्तैः टाउको, घाँटी, मेरुदण्ड, छाती, पेट र यौनांगहरूमा जलन भएको छ भने यस्तो जलन उपचारका लागि विशेष सेवाको आवश्यक पर्ने हुँदा तत्कालै अस्पताल पठाउने ।
- जलेको प्रतिशत र जलनको कारण वा प्रकारको सही आकलन गर्ने ।
- आवश्यकताअनुसार स्लाइन पानी दिने ।
- आवश्यक परेमा वा बिरामी आफैंले पिसाब गर्न नसक्ने स्थिति छ भने वा उक्त भागमा जलन भएको छ भने पिसाबको पाइप (फोलिज क्याथेटर) राख्ने ।
- आवश्यकताअनुसार जलनको दुखाइ कम गर्ने औषधि दिने ।
- यदि सास फेर्न कठिनाइ भएको छ भने र अनुहारमा जलन भएको छ भने अक्सिजन दिने ।
- यदि गम्भीर प्रकारको जलन भएको छ भने माथि उल्लेख गरिएको व्यवस्थापनपश्चात् बिरामीलाई अस्पताल पठाउने ।

यदि छालाको सतहमा मात्र जलन भएको छ र यसको फैलावट पनि छैन भने स्वास्थ्यचौकीमा प्राथमिक उपचार गरी बिरामीलाई घर पठाउन सकिन्छ । ड्रेसिङ गर्नका लागि बिरामीलाई स्वास्थ्यचौकीमा बोलाउनुपर्दछ वा बिरामीको हेरालुलाई ड्रेसिङ गर्ने तरिका सिकाएर घरमै ड्रेसिङ गर्ने व्यवस्था मिलाउन सकिन्छ ।

***(लेखक सुष्मा कोइराला मेमोरियल अस्पताल, साँखुमा सर्जनको रूपमा कार्यरत छिन्)***

## पत्र–मञ्जुषा

### देशको अवस्था सुधार्न लागौं

पछिल्लो समय नेपालीहरूमा विदेशमोह लागेको छ । पैसा हुने होस् या नहुने, सबै विदेश जान चाहन्छन् । बच्चा होस् या बूढा सबैको जिब्रोमा छ, विदेश । सर्वसाधारणदेखि व्यापारी, सरकारी कर्मचारीदेखि राजनीतिक दलका नेताहरूलेसम्म आफ्ना छोराछोरी विदेश नै पठाउँछन् ।

विदेश गएपछि सुःखैसुःखै हुन्छ भनी मानिसहरू ऋण गरेर भए पनि विदेश नै जान चाहन्छन् । सानोतिनो व्यापार व्यवसाय गरेर नेपालमै बस्छु, नेपालको विकास गर्छु, सरकारलाई कर तिर्छु भन्ने भावना त कसैमा पनि भेटिँदैन । व्यापार गरेमा लगानी डुब्छ वा फाइदा हुँदैन भनेर त्यही पैसा विदेश जान लगानी गरिन्छ । यतिमात्र नभई विदेश गएपछि पनि आफ्नो पुर्ख्यौली सम्पत्ति यहाँबाट बेचेर लगिन्छ । अब भन्नुस् के यो राम्रो काम हो ।

आमाबुबाहरू यता भ्रष्टाचार गरेर वा ऋण गरेर छोराछोरी विदेश पठाउँछन् तर मर्ने बेला त्यही छोराछोरी साथमा हुँदैनन् । पहिला छोराछोरी पठाउने समय खुसीखुसी पठाउँछन् तर पछि उनीहरूबाट साथ पाउँदैनन् । अहिले त आफ्ना छोराछोरी विदेश पठाउनेमा सबैभन्दा बढी नै भ्रष्टाचारमा संलग्न व्यक्तिहरू छन् । यहाँ बसेर राज्यलाई कर छलेर वा भ्रष्टाचार गरेर पैसा कमाउँछन् र त्यो पैसाले छोराछोरीलाई उता विदेशमा घर किन्न लगाउँछन् र छोराछोरीको कमाइले किनेको दाबी छन् । यसले गर्दा देशको मुद्रासँगसँगै दक्ष जनशक्ति पनि बाहिरिरहेका छन् ।

अहिले राहदानी विभागमा युवाहरू अमेरिका, अस्ट्रेलिया जानका लागि लाइन लागिरहेका छन् । सरकार पनि नेपाली जनतालाई देशमै रोजगारी दिन नसके पनि पैसा लिएर नागरिकता र राहदानी दिन सक्छ । तर यता मधेशमा आमाबुबा नेपाली भएपनि ७ लाख नेपाली मानिसहरू नेपाली नागरिकताबाट वञ्चित भइरहेका छन् । यो ७ लाख नेपालीको सरकार को हो भनेर अब राष्ट्रपतिले जवाफ दिनुपर्छ ।

खाडी मुलुकमा गएका मानिसहरूले त विदेश गएर पैसा पनि पठाउँछन् र नेपाल पनि फर्किन्छन् तर अमेरिका, अस्ट्रेलियामा पढ्न नाममा जाने मानिसहरूले नेपालको अर्थतन्त्र नै धराशायी बनाइरहेका छन् । उनीहरू आफू त गइनै रहेका छन् तर यहाँ भएको पैसा पनि लगिरहेका छन् । आफ्नो स्वार्थका लागि यिनीहरूले आफू जन्मिएको देशमाथि नै खेलबाड गरिरहेका छन् ।

जनसंख्याको आधारमा नेपालबाट विदेश गएका मानिसहरूले बर्सेनि १८ अर्बभन्दा बढी रकम नेपाल पठाउनुपर्ने हो । तर, यहाँ त १० अर्ब पनि आउन धौधौ छ । जो मान्छेले नेपालमा बसेर भ्रष्टाचार गरेर वा अन्य काम गरेर कालोधन्दा कमाएको छ त्यो मानिसले आफ्ना छोराछोरी अमेरिका, अस्ट्रेलिया पठाएर कालोधनलाई पनि  सेतो बनाउँछन् । पछिल्लो समय भ्रष्टाचार गर्नेको र राजस्व छल्नेको संख्या बढिरहेको छ ।

नेपालबाट हुण्डीमार्फत बर्सेनि कति रकम विदेश पठाइन्छ भनेर नेपाल सरकारलाई थाहा छैन । यहाँ पछिल्लो समय व्यापार व्यवसाय गर्नेहरूले वित्तीय संस्थाबाट ऋण लिने र डुब्यो भनेर त्यो रकम विदेशमा लगानी गर्ने गरिरहेका छन् । साथै, आफू अमेरिका, अस्ट्रेलिया पुगेपछि उनीहरू आफू त फर्केर आउँदैनन् तर यहाँ भएको पुर्ख्यौली सम्पत्ति पनि बेचेर लैजान्छन् । नेपाली नागरिकता त्यागेपछि नेपालमा भएको सम्पत्ति भने त्याग्दैनन् ।

अन्य मुलुकले हाम्रो देशको पैसासँगसँगै दक्षजनशक्ति पनि लगे । जसले गर्दा देशको विकास र अर्थतन्त्रमा ठूलो संकट निम्ति रहेको छ । तर सरकार यसप्रति ध्यान दिँदैन । अब नयाँ सरकार बनेको छ । नयाँ गठबन्धनको सरकारमा नवोदित दलहरू पनि सहभागी हुँदै छन् । सरकारमा बस्नेले अब गम्भीररूपमा यो समस्याबारे सोच्नुपर्छ । अहिलेसम्म नेताहरूले आफ्नो अवस्थामा सुधार ल्याए तर देशको अवस्था जस्ताको तस्तै छ । त्यसैले अब देशको अवस्था सुधारमा सरकारमा रहेका दलहरू लाग्नुपर्छ । प्रतिपक्षमा बस्ने दलले पनि यसमा रचनात्मक भूमिका खेल्न आवश्यक छ ।

- ***संगीता राई,*** *धापासी*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



सरसफाइ | ६६औं राष्ट्रिय सहकारी दिवसका अवसरमा शनिवार बागलुङ बजार सरसफाइ गर्दै सहकारीकर्मी तथा कर्मचारी ।

*तस्बिरः डम्मर बुढा मगर/रासस*

# हुम्ला अस्पतालमा औषधि अभाव

**सिमकोट–** हुम्ला सदरमुकाम सिमकोटस्थित जिल्ला अस्पतालमा औषधि अभाव भएको छ । यहाँ तीन महिनादेखि औषधि अभाव हुँदा जटिल रोगका बिरामीको उपचारमा समस्या भएको छ ।

अस्पतालमा ९८ प्रकारका औषधि हुनुपर्नेमा हाल २५ प्रकारका मात्र रहेका जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रेम सिंहले बताए । 'जिल्ला अस्पतालको औषधि स्टोर कक्ष तीन महिनादेखि रित्तै छ । प्रदेश सरकारले खरिद प्रक्रियामा ढिलाइ गर्दा औषधिअभाव भएको हो,' उनले भने । प्रमुख सिंहका अनुसार उपचार गर्न आउने अधिकांश बिरामी औषधि नपाएर रित्तै फर्किने गरेका छन् । सिमकोट र नाम्खा गाउँपालिकास्थित स्वास्थ्य चौकीबाट सापटी मागेर बिरामीको उपचार गर्नु परेको उनको भनाइ छ । प्रदेश सरकारलाई औषधि अभावबारे पटक-पटक जानकारी गराएको भए पनि हालसम्म सुनुवाइ नभएको प्रमुख सिंहले बताए । दुई-तीन पटक मन्त्रालयमा गएर यसबारे जानकारी गराउँदा पनि सुनुवाइ नभएको उनको भनाइ छ । १५ शयचाको जिल्ला अस्पतालमा यसबाट बिरामी मारमा परेका छन् ।

**सापट मागेर बिरामीको उपचार**

केही दिनअघि विष सेवन गरेका सिमकोट गाउँपालिका-१ का वीर भण्डारीलाई उपचारका लागि जिल्ला अस्पताल ल्याइयो । औषधि अभावका कारण सामान्य उपचार गरी नेपालगञ्ज पठाइएको अस्पतालले जनाएको छ । अस्पतालमा अभाव भएपछि बिरामीले निजी क्लिनिकबाट औषधि किन्नुपर्ने बाध्यता रहेको खार्पुनाथ गाउँपालिका-४ का प्रजित रोकायाले बताए । यस्तै श्रीमतीको उपचार गर्न जिल्ला अस्पताल आएका सर्केगाड गाउँपालिका-२ का मनसिंह कार्की पनि निजी क्लिनिकबाट महँगोमा औषधि किन्नु परेको बताउँछन् ।

**रुघाखोकीका बिरामी बढ्दै**

जिल्ला अस्पतालमा रुघाखोकी र श्वासप्रश्वासका बिरामीको संख्या बढ्न थालेको छ । मौसममा एक्कासि आएको परिवर्तनका कारण बिरामी दैनिक बढिरहेका अस्पतालकी सिनियर अनमी सरिता बोहराले बताइन् । 'दैनिक ८० देखि ९० सम्म बिरामी उपचारका लागि आउने गरेका छन् । जटिल प्रकृतिका बिमारीलाई भर्ना गरेर राख्नुपर्ने भए पनि शयचाको अभाव हुन थालेको छ,' उनले भनिन् । *रासस*

# कोरोना परीक्षणविना नेपाल प्रवेशमा रोक

**बैतडी–** कोरोना संक्रमणको जोखिम बढेसँगै सुदूरपश्चिम प्रदेशका भारतसँग सीमा जोडिएका नाकामा मास्क र कोरोना परीक्षणविना नेपाल भित्रिन रोक लगाइएको छ । भारतबाट नेपाल भित्रिरहेकाहरूमा दैनिकरूपमा संक्रमण देखिरहेकाले मास्क र कोरोना परीक्षण अनिवार्य गरिएको हो ।

कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि सीमानाकामा कडाइ गरेर मास्क र कोरोना परीक्षण अनिवार्य गरिएको सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका कोभिड-१९ सम्पर्क व्यक्ति हेमराज जोशीले जानकारी दिए । भारतबाट स्वदेश फर्किने नेपाली नागरिकमा कोरोना संक्रमण देखापर्न थालेको छ । उनले भने, 'संक्रमित दैनिकरूपमा देखापर्न थालेपछि सीमाबाट भित्रिनेलाई अनिवार्य मास्क र कोरोना परीक्षण कार्य जारी राखेका छौं ।'

भारतसँग सीमा जोडिएका सुदूरपश्चिमका झुलाघाट, पुलघाट, जौलजीवी, गड्डाचौकी र त्रिनगर नाकामा 'हेल्थ डेस्क' स्थापना गरेर स्वास्थ्य परीक्षण जारी रहेको निर्देशनालयले जनाएको छ । संक्रमण समुदायस्तरसम्म नपुगोस् भन्ने उद्देश्यले सीमानाकामा स्वदेश फर्किएकाको स्वास्थ्य परीक्षणमा कडाइ गरिएको हो ।

भारतमा संक्रमण तीव्ररूपमा फैलिरहेकाले त्यसको प्रभाव यहाँ पनि पर्न थालेकाले यहाँका सबै नाकामा कडाइ गरिएको जोशीको भनाइ छ । उनले भने, 'भारतबाट फर्किने अधिकांशमा संक्रमण देखिन थालेपछि त्यसको रोकथाम र नियन्त्रणका नाकामा थप कडाइ गरेका हौं ।' चैत सुरु भएयता मात्रै यस प्रदेशमा भारतबाट फर्किएका ६२ जनामा संक्रमण पुष्टि भइसकेको छ ।

सीमानाकामा परीक्षण गर्दा दैनिकरूपमा कोरोना संक्रमण देखिरहेको समुदायस्तरमा पनि यसको जोखिम बढेको छ । भारतमा संक्रमण देखिएका सहरसित दूरीका हिसाबले यो प्रदेश नजिक भएकाले उच्च जोखिम रहेको र सतर्कता अपनाउन आवश्यक रहेको छ ।

नयाँ वर्ष नजिक आइरहेका बेला यहाँका सबै नाकामा स्वदेश फर्किनेको क्रम पनि बढेको छ । स्वदेश फर्किनेको संख्या बढिरहेकाले जोखिम बढेकाले सीमामै परीक्षणपछि मात्रै आउन दिइएको र संक्रमितलाई सम्बन्धित पालिकाको समन्वयमा होम आइसोलेसनमा बस्न भन्ने गरिएको जोशीले बताए ।

जोखिम बढेसँगै सीमानाकामा स्वास्थ्य जाँचमा कडाइ गर्नाका साथै खोप अभियानलाई पनि निरन्तरता दिइएको जोशीको भनाइ छ । प्रदेशभरि नै हाल ५५ वर्षमाथिका सबैलाई बुस्टर डोज लगाउने क्रम जारी रहेको निर्देशनालयले जनाएको छ । पछिल्लो समय कोरोना संक्रमणदर बढ्दै गएपछि स्वास्थ्यका मापदण्ड अपनाउनसमेत आग्रह गरिएको छ । कोरोनाबाट बच्न जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गर्न आग्रह गरिएको निर्देशनालयले जनाएको छ ।

**संक्रमित भेटिएका भारतीय नागरिकलाई फिर्ता पठाइयो**

सीमानाका झुलाघाटबाट नेपाल प्रवेश गर्न लागेका एक भारतीय नागरिकमा कोरोना संक्रमणको पुष्टि भएपछि उनलाई भारत फिर्ता पठाएको छ । नेपाल आउन लागेका भारतको पिथौरागढका ५८ वर्षीय पुरुषमा कोरोना पुष्टि भएपछि उनलाई नाकाबाटै भारत फिर्ता पठाइएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले बताए ।

दशरथचन्द नगरपालिका-८ मा रहेको त्रिपुरासुन्दरी जात्रामा सहभागी हुन आइरहेका ती पुरुषमा कोरोना देखिएपछि उनलाई नेपाल आउन नदिइएको प्रमुख भट्टको भनाइ छ । उनले भने, 'संक्रमित मान्छे जात्रा सहभागी भएपछि त्यसले अन्य मानिसलाई पनि संक्रमण सार्न सक्ने भएकाले नेपाल आउन नदिइएको हो ।'

भारतीय नागरिकमा कोरोना संक्रमण देखिएपछि झुलाघाट नाकामा पनि थप कडाइ गरिएको स्वास्थ्य कार्यालय बैतडीले जनाएको छ । कोरोना संक्रमण देखिन थालेपछि झुलाघाट नाकाबाट स्वदेश फर्कनेको कोरोना परीक्षण र अनिवार्य मास्क लगाएर मात्रै फर्कने नियम बनाइएको छ ।

सुदूरपश्चिम प्रदेशमा हालसम्म छ लाख ४५ हजार ६३४ जनाको कोरोना परीक्षण गरिएकामा ६१ हजार ९४६ जनामा संक्रमण भइसकेको छ । संक्रमणकै कारण यस प्रदेशमा ६३५ जनाको ज्यान गइसकेको छ । *रासस*

# दोलखा र लमजुङमा भूकम्प

**काठमाडौं (प्रस)–** दोलखाको सुरी केन्द्रबिन्दु भएर भूकम्प गएको केही समयमा नै लमजुङको मालिङ केन्द्रबिन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार लमजुङको मालिङ केन्द्रबिन्दु भएर शनिबार बिहान ११ बजेर ३९ मिनेटमा तीन दशमलव आठ रेक्टर स्केलको भूकम्प गएको हो ।

यसअघि शनिबारै बिहान ११ बजेर २७ मिनेट जाँदा दोलखाको सुरी केन्द्रबिन्दु भएर पाँच दशमलव दुई रेक्टर स्केलको भूकम्प गएको थियो । पछिल्लो समय नेपालको पूर्व तथा पश्चिम क्षेत्र केन्द्रबिन्दु भएर भूकम्प जानेक्रम बढेको छ ।

नेपालको हिमाली तथा पहाडी क्षेत्रलाई भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BARRY CALLEBAUT MALAYSIA SDN. BHD.t

पूर्व स्वीकृति मिति २०७९/१२/१८ | LT. No. 283818 | चलानी नं. ६०१९९०४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 15 | 0 | 1500 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०७९ चैत २५ गते (8th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CENTRAL FORWARDING AGENCY SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१४ | पुन स्वीकृति मिति २०७९/१२/१८ | LT. No. :270586 | चलानी नं. ६०१८६४०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker | 1 | 0 | 1500 | ४४,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः चैत २६ गते (9th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/१९

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निप्पोन पर्सा एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. १९०७६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियलवे एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/१९

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **हुनैनाथ बाल विद्यालय प्रा.लि. (प्रा.लि. नं. २२९५१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१५ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुरुकुल ईन्टरनेशनल स्कुल कञ्चनपुर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/१९

यस कम्पनीको मिति २०७९/०४/१० मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ओम बज्रगुरु विल्डर्स प्रा.लि. (प्रा.लि. नं. २३९२६४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **खुसी ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/१२/१९

यस कम्पनीको मिति २०७९/१२/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फस्ट स्टेप इन्टरनेशनल ल्याङ्गवेज एण्ड एजुकेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ३००७४४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/१४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फस्ट स्टेप एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



नेपाल सरकार
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
नेपालगंज, बाँके

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०७९/१२/१९ गते (02 April, 2023)**

यस शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगंज, बांके बाट मिति २०७९।१०।११ गतेको प्रभाव दैनिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) अनुसार आर्थिक प्रस्ताव खोली मूल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई तपसिल बमोजिमको मिति, समय र स्थानमा उपस्थितीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | निर्माण कार्यको नाम | बोलपत्रदाताको नाम | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|
| DUDBC/FPIU/Banke/Works/NCB/2079/080-10 | Integrated Urban Infrastructure Development work at Rajapur Municipality, Bardiya | 1. Sisne Construction Pvt.Ltd., Nepalgunj-02, Banke<br>2. Galwa/JK/M.S. J.V., Naubasta-08, Banke | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, नेपालगंज बांके, मिति २०७९/१२/२६ गते समय दिउसो १:०० बजे |

**आयोजना प्रमुख**

प्रभाव दैनिक

रूपशाला

आइतबार, १९ चैत २०७९ (Sunday, April 02, 2023)

## जेनिशा र कमलको फिचरिङमा 'यहीं कतै २' सार्वजनिक

प्रबिशा अधिकारी को स्वरमा रहेको 'यहीं कतै २' गीतको भिडियो सार्वजनिक भएको छ । किरण पुनको शब्द तथा सुबास भुषालले संगीत र उदय राज पौडेलको एरेन्ज गीतमा रहेको छ । प्रेम कथामा आधारित गीतमा जिवनका सुनौला पलहरूलाई आकर्षक रूपमा प्रस्तुत गरिएको छ । जेनिशा निर्देशित यहीं कतै बोलको गीतमा जेनिशा र कमल घिमिरेको अभिनय देख्न सकिन्छ । गीतको भिडियोमा आकर्षक रूपमा अष्ट्रेलियाको सिड्नी आसपासको बिभिन्न स्थानमा छायाँकन गरिएको छ ।




# लुम्बिनीलाई फिल्म सिटीको रूपमा विकास गर्ने पहल गर्छु : सञ्चारमन्त्री



■ प्रभाव संवाददाता

**लुम्बिनी –** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बुद्ध जन्मस्थान लुम्बिनीलाई फिल्म नगरीको रूपमा विकास गर्न पहल गर्ने बताएकी छन् । यसका लागि कार्ययोजना पेश गर्न चलचित्र विकास बोर्डलाई उनले निर्देशन समेत दिएकी छन् ।

शुक्रबारदेखि लुम्बिनीमा सुरु भएको तीनदिने 'गौतम बुद्धको जीवनी र दर्शन संगत रहेर जीवनीमा चलचित्र निर्माण अन्तर्राष्ट्रिय बजार तथा पर्यटन प्रवर्द्धन' कार्यशालाको उद्घाटन गर्दै मन्त्री शर्माले उक्त कुरा बताएकी हुन् । हालैको भारत भ्रमणमा आफूले दोलखाको चरिकोटमा निर्माणाधीन अन्तर्राष्ट्रिय फिल्मनगरीको निर्माणमा सघाउन भारतीय अधिकारीहरूलाई आग्रह गरेको उनले बताइन् ।

नेपाल फिल्म छायांकनको आकर्षक गन्तव्य थलो रहेको भन्दै उनले आफूले भारतीय सञ्चार सचिवलाई दोलखा फिल्म सिटी बनाउन सघाउन आग्रह गरेको बताइन् । सरकारले सातै प्रदेशमा फिल्म सिटी बनाउने योजना यसअघि नै बताइसकेको छ ।

नेपाली फिल्म यतिबेला सन् २०२६ को ऐनले चलिरहेको भन्दै समयसापेक्ष नियम ल्याउनुपर्ने र यसका लागि आफूले पहल गर्नुपर्ने उनले बताइन् । फिल्म निर्माणमा महिलाको सहभागिता वृद्धि गर्न महिला फिल्ममेकरलाई हौसला बढाउनुपर्ने उनको भनाइ छ । बुद्धबारे यथार्थपरक बायोपिक फिल्म बनाउनुपर्ने समेत उनको सुझाव छ ।

कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, अभिनेता सुनिल थापा, अभिनेत्री बसुन्धरा भुसाल, बोर्ड सदस्यहरू रवि अधिकारी र केएल पीडित सहित दर्जनौं फिल्मकर्मी सहभागी छन् । चन्द्रसूर्य सिनेमाले आयोजना गरेको गोष्ठीको उद्देश्य नेपाली फिल्मको निर्माण शैलीबारे छलफल र अभिमुखीकरण रहेको आयोजक संस्थाका किसान पोखरेलले जनाए ।

## पोखरामा चार साहित्यकार सम्मानित

**पोखरा (प्रस)–** पोखरामा शनिबार चार साहित्यिक श्रष्ठा सम्मानित भएका छन् । साहित्यिक संस्था सङ्घर्षमा कलम पोखराले साहित्य क्षेत्रमा लागेर समाजमा पुऱ्याएको योगदानको आधारमा चार श्रष्ठालाई नगदसहित सम्मान गरेको हो । साहित्यकार तथा लोक गायिका हरिदेवी कोइरालाले चारै श्रष्ठालाई नगदसहित सम्मान गरेकी हुन् ।

बाबा साहित्य साधक पुरस्कार विसं २०७८ द्वारा तनहुँका साहित्यकार तथा कवि आनन्दसुन्दर श्रेष्ठ र बाबा साहित्य साधक पुरस्कार २०७९ द्वारा लिली अधिकारी सम्मानित भए । ऋषिराम रानाभाट स्मृति पुरस्कार २०७८ द्वारा म्याग्दीका लोकनाथ भुसाल र ऋषिराम रानाभाट स्मृति पुरस्कार २०७९ द्वारा कास्कीका साहित्यकार सावित्री गिरीलाई नगदसहित सम्मान गरिएको छ ।

प्रमुख अतिथि साहित्यकार हरिदेवी कोइरालाले मानिसको जीवन सङ्घर्षपूर्ण भएकाले साहित्य क्षेत्रमा कलम चलाउँदै आएका श्रष्ठाले आफ्नो कलम बन्द गर्न नुहने बताइन् । साहित्य क्षेत्रमा लागेका व्यक्तिहरू अझै पनि यो क्षेत्रबाट बाच्न सक्ने अवस्था नरहेकाले सरकारले साहित्य क्षेत्रमा लाग्ने व्यक्तिको हितमा कार्यक्रम ल्याउन जोड कोइरालाले दिइन् । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का विखर्चीले राज्यको तर्फबाट साहित्य क्षेत्रलाई बेवास्ता गरिएको बताउँदै कैयौं साहित्यिक श्रष्ठा बिरामी पर्दा उपचार नपाएर भौतारिनुपरेको गुनासो पोखे । मदन पुरस्कार विजेता चन्द्रप्रकाश बानियाँले सफल साहित्यकार बन्नका लागि अध्ययन, लगनशीलता र अनुकूल वातावरण आवश्यक पर्ने बताए ।

# यस्ता छन् 'मिस नेपाल २०२३' का २४ प्रतिस्पर्धी




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस नेपाल-२०२३' का अन्तिम २४ प्रतियोगी सार्वजनिक गरिएको छ । आयोजक हिडन ट्रेजरले शुक्रबार आयोजित स्यास सेरेमोनी प्रतिस्पर्धी सार्वजनिक गरेको हो ।

देशका सातै प्रदेशको प्रतिनिधित्व गर्दै २४ प्रतियोगी छानिएको हो । कार्यक्रममा उनीहरूलाई कन्टेस्टेन्ट नम्बर तथा स्यास प्रदान गरिएको थियो । आयोजक संस्थाका प्रमुख दीवाकरराज राजकर्णिकारले प्रतिस्पर्धी सुन्दरीहरूलाई उनीहरूको नाम अंकित स्यास पहिराइदिएका थिए ।

स्यास ग्रहण गर्दै सुन्दरीहरूले आफ्नो परिचय, रुचि तथा भविष्यको योजनाका बताएका थिए । उनीहरूमध्ये अधिकांशले समाजसेवा, वातावरण संरक्षण, उद्यमी, स्वास्थ्य सेवा आदि क्षेत्रमा योगदान पुऱ्याउने लक्ष्य रहेको बताए ।

यसपटकको प्रतिस्पर्धिमा पाइलट, दन्त चिकित्सक, व्यवसायी, विद्यार्थी, मोडल, भिडियो जक्की, फेसन डिजाइनर आदि क्षेत्रका युवतीहरूले भाग लिएका छन् । मिस नेपालको अन्तिम प्रतिस्पर्धाका लागि छनोट भएका प्रतिस्पर्धिहरूलाई कोरियोग्राफर रचना शर्मा गुरुङको नेतृत्वमा व्यक्तित्व विकासदेखि क्याटवाकसम्मको प्रशिक्षण दिइनेछ । मिस नेपालको ग्राण्ड फिनाले आगामी जेठ १३ गते ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा हुनेछ ।

## ब्रह्मास्त्र २ र ३ को एकैसाथ सुटिङ

■ एजेन्सी

**मुम्बई–** हालै निर्देशक अयान मुखर्जीले आफ्नो आगामी फिल्म 'ब्रह्मास्त्र २' र 'ब्रह्मास्त्र ३' को बारेमा जानकारी दिएका छन् । अयानले यसपटक 'ब्रह्मास्त्र'को दुवै भाग एकैसाथ सुटिङ गर्ने बताएका हुन् । उनले यसपटक पनि चलचित्रलाई सफल बनाउन कुनै कसर बाँकी नराख्ने र चलचित्र लेखनमा विशेष ध्यान दिने बताए ।

मिडियासँग कुरा गर्दै अयानले भने, 'यसपटक हामी 'ब्रह्मास्त्र २' र 'ब्रह्मास्त्र ३' सँगै छायांकन गर्नेछौं । यसपटक फिल्म लेख्न अझै समय लाग्न सक्छ भन्ने हामीलाई लागेको छ । मलाई थाहा छ यस पटक फिल्मबाट दर्शकको ठुलो अपेक्षा छ । फिल्मको दोस्रो भाग जतिसक्दो चाँडो रिलिज होस् भन्ने जनता चाहन्छन् तर यसपटक पहिलाभन्दा राम्रो लेख्छु भन्ने सोचेको छु । मलाई लाग्छ करिब तीन वर्षपछि हामी 'ब्रह्मास्त्र २' ठुलो पर्दामा देख्नेछौं ।' अयानले थपे, 'मलाई लाग्छ 'ब्रह्मास्त्र'मा केही गल्तीहरू थिए । फिल्मलाई लिएर हामीले मिश्रित प्रतिक्रिया पाएका छौं । तैपनि हामीले धेरै राम्रो नम्बर पायौं, धेरैले हाम्रो फिल्म मन पराए।' यसबाहेक, फिल्मले स्ट्रिमिङ प्लेटफर्ममा पनि राम्रो प्रदर्शन गरेको छ। 'ब्रह्मास्त्र' सन् २०२२ को सबैभन्दा धेरै कमाउने हिन्दी फिल्म हो ।



# 'नेपाललाई विश्वकै खेलकुदको हब बनाउन सकिन्छ'

■ प्रभाव संवाददाता




**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई विश्वकै 'खेलकुदको हब'का रूपमा विकास गर्न सकिने बताएका छन् । राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले शनिबार आयोजना गरेको 'खेलकुद पूर्वाधार नीति संवाद, २०७९' लाई सम्बोधन गर्दै उनले खेलकुद क्षेत्रको विकासका निम्ति खेल क्षेत्रलाई प्राथमिकतामा राखिने बताए ।

प्रधानमन्त्री दाहालले भने, 'पछिल्लो समय मैले खेल क्षेत्रलाई उच्च प्राथमिकता दिएको छु । खेलाडीलाई पुरस्कृत गर्ने, मैदानमा नै पुगेर खेलाडीको मनोबल बढाउने, खेल क्षेत्रसँग सम्बन्धित विषय सहभागी हुने जुन महत्व मैले यस क्षेत्रलाई दिएको छु । खेल क्षेत्रमा नेपाललाई विश्वकै हब बनाउन सकिन्छ भन्ने ठानेर नै महत्व दिएको हुँ ।'

प्रधानमन्त्री दाहालले प्रत्येक विद्यालय र प्रत्येक टोलमा खेल एकाइ र खेल मैदान बनाउनुपर्नेमा जोड दिँदै खेल पूर्वाधारको निर्माणबाट मात्रै तल्लो तहदेखि नै खेलाडी उत्पादन र विकास गर्न सकिने बताए । 'पछिल्लो समय नेपालले खेलकुद प्रतियोगितामा जसरी सफलता हासिल गरेको छ, खेलाडी उत्पादन, पूर्वाधार विकास र खेलाडीको वृत्तिविकासमा ध्यान दिनसकेमा नेपालले खेल क्षेत्रमा ठूलो फड्को मार्नेछ । यसका लागि नेपाल सरकारको तर्फबाट आवश्यक सहयोग हुनेछ', उनले भने ।

कार्यक्रममा राखेपका सदस्य सचिव टङ्कलाल घिसिङ, बागमती प्रदेशका खेलकुदमन्त्री कुमारी मोक्तान, कोशी प्रदेशका खेलकुदमन्त्री बुद्धिकुमार राजभण्डारी, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलगायतले पूर्वाधार विकासमा तीन तहका सरकारको स्पष्ट नीति र सहकार्यमा जोड दिएका थिए ।

फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले संविधानले केन्द्र, प्रदेश र स्थानीय सरकारको स्पष्ट कार्यक्षेत्र तोकेअनुसार छिटोभन्दा छिटो सङ्घीय ऐनलाई पूर्णता दिन सरकार प्रतिबद्ध रहेको बताए । सङ्घीय निजामतीलगायत ऐन छिटो पारित गरेर संविधानको व्यवस्थित कार्यान्वयनमा जाने उनको भनाइ थियो ।

## थ्रीस्टारलाई खप्तड गोल्डकप

■ प्रभाव संवाददाता

**धनगढी–** थ्री स्टार क्लबले छैटौं संस्करणको मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप अन्तराष्ट्रिय फुटबल प्रतियोगिताको उपाधि जितेको छ । धनगढी रंगशालामा शनिबार भएको फाइनलमा ए डिभिजन प्रतिद्वन्दी मनाङ मर्स्याङ्दी क्लबलाई २-० गोल अन्तरले हराउँदै थ्री स्टार च्याम्पियन बनेको हो ।

थ्री स्टार पहिलो पटक खप्तड गोल्डकपको च्याम्पियन बनेको हो । मनाङ भने तेस्रो पटक खप्तड गोल्डकपको उपाधि जित्नबाट बन्चित भएको छ ।

थ्री स्टारको जितमा अनिल महर्जन र कप्तान बिक्रम लामाले एक एक गोल गरे । अनिलले खेलको ७३ औं मिनेटमा फ्रिकिकमार्फत गोल गर्दै टोलीलाई सुरुआती अग्रता दिलाएका थिए ।

त्यसपछि खेलको इन्जुरी समयको चौंथो मिनेटमा कप्तान बिक्रमले गोल गर्दै थ्री स्टारलाई २-० को जित दिलाए ।उपाधिसँगै थ्री स्टारले २१ लाख रूपैयाँ प्राप्त गरेको छ । उपविजेता बनेको मनाङले १० लाख रूपैयाँ प्राप्त गरेको छ । सुदूरपश्चिम ११ स्पोर्ट्स क्लबको आयोजनामा भएको प्रतियोगितामा 'ए' डिभिजनका ६ टिम, दुई विदेशी टिम, मोससलको बागमती युथ क्लब र आयोजक क्लब गरी १० टोलीको सहभागिता रहेको थियो ।

सुदूरपश्चिम प्रदेश सरकार मुख्य प्रबर्द्धक रहेको प्रतियोगिताको विजेतालाई प्रदेश सरकारका भौतिक पूर्वाधार मन्त्री प्रकाश देउवा लगायतले पुरस्कृत गरे ।

# एसिया ट्राईयाथलन कपको उपाधि बब र मारगारेटालाई

■ प्रभाव संवाददाता




**पोखरा–** पोखरामा सम्पन्न २०२३ एसिया कप ट्राईयाथलन कपको उपाधि पुरुष तर्फ लक्जम्बर्गका बब हेलर र महिला तर्फ स्लोभाकियाकी मारगेटा बिकानोभाले हात पारेका छन् । ७५० मिटर पौडी, २० कि.मी. साईक्लिङ्ग र ५ कि.मी. दौड दुरी बबले ५५ मिनट ५५ सेकेन्डमा र मागरगेटाले १ घन्टा ४ मिनट ५१ सेकेन्ड समयका साथ पुरा गर्दै उपाधि जितेका हुन् ।

नेपाल ट्राईयाथलन संघको आयोजनमा भएको २०२३ एसिया ट्राइयाथलन कप तथा दक्षिण एशियन च्याम्पियनसिप अन्तरगत भएको प्रतियोगिताको एसिया कपतर्फ दोश्रो स्थानमा पुरुष तर्फ उज्वेक्सितानका एलेक्जेन्डर कुरिसोभले उक्त दुरी ५५ मिनट ५७ सेकेन्ड र तेश्रो स्थानमा रहेका लक्जम्बर्गका स्टेफान जाकोसले ५६ मिनट ०१ सेकेन्डमा पुरा गरे ।

चौथो स्थानमा रहेका जापानका क्योतारो याशिकावाले ५६ मिनट ०९ सेकेन्ड र पाँचौ स्थानमा रहेका न्युजिल्याण्डका ओलीभर लारकोम्बेले ५७ मिनट ५८ सेकेन्ड समयका साथ दुरी पुरा गरे । महिला तर्फ जापानकी मिनोरी इकेनो र चिसातो नाकाजिमाले दोश्रो र तेश्रो स्थान प्राप्त गरे । मिनोरीले १ घन्टा ५ मिनट १८ सेकेन्डमा र चिसातोले १ घन्टा ५ मिनट ३० सेकेन्डमा दुरी पुरा गरे । चौथो स्थानमा रोमानियाकी एन्तोनेला मानाक र पाँचौ स्थानमा जापानकी युका सातो रहे । मानाकले १ घन्टा ६ मिनट ४ सेकेन्ड र सातोले १ घन्टा ७ मिनट ३७ सेकेन्डमा दुरी पुरा गरे ।

बिश्व ट्राइयाथलन महासंघको नियम बमोजिम घोषित कुल पुरस्कार रासी मध्ये पहिलोले ३० प्रतिशत, दोश्रोले २५ प्रतिशत, तेश्रोले २० प्रतिशत, चौथोले १५ प्रतिशत र पाँचौले १० प्रतिशत रकम प्राप्त गर्नेछ ।

त्यसै अनुरूप घोषित कुल ४२ सय डलरबाट शिर्ष तीनले ६३० डलर, ५२५ डलर र ४२० डलर प्राप्त गरे । यसका साथै विजयीले मेडल र प्रमाण पत्र प्राप्त गरे । चौथो स्थान प्राप्त खेलाडीले ३१५ डलर र पाँचौ स्थानका खेलाडीले २१० डलर सहित मेडल र प्रमाण पत्र प्राप्त गरे ।

सोही प्रतियोगिता अन्तरगत भएको दक्षिण एशियन च्याम्पियनसिपमाको ट्राईयाथलन तर्फ भारतका आदर्श मुरलीधरण नायर सिनिमोलले आफ्ना प्रतिद्वन्दिलाई पछि पार्दै उपाधि उचाले । उनले निर्धारित दुरी १ घन्टा ४ मिनट १६ सेकेन्डमा पुरा गरे । यस्तै दोश्रो स्थानमा रहेका भारतकै बिश्वनाथ यादवले १ घन्टा ६ मिनट २५ सेकेन्ड र तेश्रो स्थानमा रहेका नेपालका बशन्त थारुले १ घन्टा ६ मिनट ५२ सेकेन्डमा दुरी पुरा गरे ।

महिला तर्फ पूर्व विजेता भारतकी प्रज्ञा मोहनले १ घन्टा १२ मिनट समयका साथ प्रथम स्थान प्राप्त गर्दा भारतकै मान्सी मोहितेले १ घन्टा १३ मिनट ४६ सेकेन्ड समयका साथ दोश्रो स्थान प्राप्त गरिन् । तेश्रो स्थानमा नेपालकी श्रेवी महर्जनले १ घन्टा १८ मिनटमा दुरी पुरा गरिन् । दक्षिण एशियन च्याम्पियनसिप अन्तरगत जुनियर ट्राईथलनमा भारतले एकलौटी पाऱ्यो ।

भारतका खुन्द्रकपाम नगन्बा मैतेले निर्धारित दुरी १ घन्टा २ मिनट ४६ सेकेन्ड समयका साथ पुरा गर्दै पहिलो, पार्थ मिराज १ घन्टा ६ मिनट ४२ सेकेन्ड समयका साथ दोश्रो र श्रीदथ सुधिर १ घन्टा १० मिनट २६ सेकेन्ड समयका साथ तेश्रो भए । महिला तर्फ भारतकी संजना सुनिल जोशी १ घन्टा १२ मिनट २१ सेकेन्डका साथ पहिलो, नेपालकी श्रेवी महर्जन १ घन्टा १८ मिनटका सथा दोश्रो र भारतकी देवकी शर्मा १ घन्टा २७ मिनट ८ सेकेन्डका साथ तेश्रो भए ।

राष्ट्रिय तर्फ पुरुषमा बशन्त थारु, दिपेश चौधरी र मुकेश चौधरी क्रमश पहिलो, दोश्रो र तेश्रो भए । बशन्तले १ घन्टा, ६ मिनट, ५२ सेकेन्ड, दिपेशले १ घन्टा, ९ मिनट, १७ सेकेन्ड र मुकेशले १ घन्टा १० मिनट ४४ सेकेन्ड समयका साथ दुरी पुरा गरे । महिला तर्फ श्रेवी महर्जन प्रथम भईन् । दोश्रो स्थानमा रहेकी केशरी थापा मगरले निर्धारित दुरी १ घन्टा ३२ मिनट ३१ सेकेन्ड समयमा पुरा गरिन् ।

बिजयी खेलाडीहरूलाई प्रमुख अतिथी गण्डकी प्रदेश साँसद प्रकास बराल, पूर्व साँसद दीपक कोईराला, नेपाल ओलम्पिक कमिटिका महासचिव एवं संघका अध्यक्ष निलेन्द्र राज श्रेष्ठ, महासचिव युवराज सुनुवार, टेक्निकल डेलिगेट प्रभाकर, पुर्व दक्षिण एसिया च्याम्पियनसिपकी बिजेता एवं भारती प्रशिक्षक पुजा चौरसिया लगायतले पुरस्कार वितण गरेका थिए ।

फेवातालमा आयोजना हुने प्रतियोगितामा पुरुष तर्फ नेपाल सहित लक्जम्बर्ग, उज्वेकिस्तान, जापान, उरुग्वे, अष्ट्रिया, अष्ट्रेलिया, काजाकिस्तान, स्लोभाकिया, युएई, प्लोस्टाईन, न्युजिल्याण्ड र भारतका गरि ४३ खेलाडीहरूले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । यस्तै महिला तर्फ जापान, रोमानिया, स्लोभाकिया, उज्वेक्सितान, मरिसस, अलजेरिया, भारत र नेपालका गरि १५ खेलाडीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको दुवाथलन विधाको प्रतिस्पर्धा आईतबार विहान ठिक ७ बजे हुनेछ ।

# चीनका शीर्ष विधायक र स्पेनका प्रधानमन्त्री बीच भेटवार्ता

**बेइजिङ–** चीनका शीर्ष विधायक झाओ लेजीले शुक्रबार बेइजिङमा स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजसँग भेटवार्ता गरेका छन् । सो अवसरमा नेसनल पिपुल्स कांग्रेस (एनपिसी) स्थायी समितिका अध्यक्ष झाओले चीन-स्पेन सहयोगको बलियो आधार रहेको भन्दै त्यसलाई अझ व्यापक बनाउन आवश्यक रहेको बताएका छन् ।

यस वर्ष चीन-स्पेन कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वार्षिकोत्सवका साथै चीन-इयू व्यापक रणनीतिक साझेदारीको स्थापनाको २०औं वार्षिकोत्सव मनाइँदै छ । उक्त भेटमा झाओले आपसी विश्वास र मित्रतालाई अझ प्रगाढ बनाउने प्रयास गर्नुपर्ने बताएका छन् । त्यसैगरी व्यावहारिक सहयोगका लागि प्रतिबद्ध रहन र संयुक्त रूपमा चीन-इयू सम्बन्धको स्थिर विकासलाई कायम राख्नुपर्ने झाओको धारणा रहेको छ ।

झाओले चीनको एनपिसीले स्पेनसँग थुप्रै क्षेत्रमा मैत्रीपूर्ण आदानप्रदानलाई बलियो बनाउन एवं कानुन सुपरीवेक्षणमा विभिन्न विषयलाई आदानप्रदान गर्दै थप सुदृढ गर्न र बहुपक्षीय मञ्चहरूमा नजिकबाट समन्वय र सहयोग गर्न इच्छुक रहेको पनि बताएका छन् ।

त्यसैगरी प्रधानमन्त्री सान्चेजले स्पेनले चीनसँगको सम्बन्ध विकासलाई ठूलो महत्त्व दिएको र एक चीन सिद्धान्तलाई दृढतापूर्वक पालना गर्ने बताएका छन् ।

स्पेन-चीन र इयू-चीन सम्बन्धको विकासलाई प्रवर्द्धन गर्न स्पेनी पक्ष चीनसँग व्यापार, लगानी, संस्कृति र अन्य क्षेत्रमा आदानप्रदान र सहयोगलाई थप विस्तार गर्न तयार रहेको पनि सान्चेजले बताए । *रासस/सिन्ह्वा*

# युएईबाट अफगानिस्तानलाई चिकित्सा सहायता

**काबुल–** अफगानिस्तानका भूकम्प पीडितहरूलाई सहायता प्रदान गर्ने उद्देश्यले संयुक्त अरब इमिरेट्स (युएई) ले प्रकोप पीडितहरूलाई तत्काल चिकित्सा र खाद्य सामग्री पठाएको ।

खामा प्रेसले उल्लेख गर अनुसार संयुक्त अरब इमिरेट्सको विदेश मामिला तथा अन्तरराष्ट्रिय सहयोग मन्त्रालयले शुक्रबार अफगान जनतालाई सहयोग उपलब्ध गराउने घोषणा गरेको हो ।

“आज युएईले ३८ टन अत्यावश्यक चिकित्सा र खाद्य सामग्री बोकेको एउटा विमान अफगानिस्तान पठाएको छ । यस आपूर्तिले उत्तरपूर्वी अफगानिस्तानमा आएको भूकम्पबाट प्रभावित हजारौं अफगान परिवार हरूलाइ सहयोग पुर्याउने छ,“ खामा प्रेसले युईए मन्त्रालयलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

विज्ञप्तिमा भनिएको - यी वस्तुहरूको अत्यावश्यक आपूर्तिले महिला, बालबालिका र वृद्धवृद्धाहरू साथै पिछडिएका समूहहरूको लागि तत्काल मानवीय सहायतामा सुधार ल्याउने अपेक्षा गरिएको छ ।

“यी आपूर्तिहरू प्रदान गर्नु प्राकृतिक प्रकोपबाट प्रभावित देशहरूलाई तत्काल राहत प्रदान गर्न र महिला, बालबालिका र वृद्धहरू जस्ता कमजोर समूहहरूका लागि मानवीय सहयोग बढाउन युएईको स्थायी प्रयासहरूको एक हिस्सा हो,“ अफगान समाचार एजेन्सीले लेखेको छ।

यस हप्ता अफगानिस्तानमा आएको ६.५ म्याग्निच्युडको भूकम्पले दशजना भन्दा बढीको ज्यान गएको थियो भने थुप्रै घाइते भएका थिए। अफगानिस्तानको बदख्सान, तखार, पन्जशिर र कुनार सहितका ठाउँमा करिब ६६५ घरहरू भूकम्पका कारण क्षतिग्रस्त भएका छन् । *रासस/एएनआई*

# वाल स्ट्रिट जर्नलका संवाददातालाई रिहा गर्न अमेरिकी राष्ट्रपतिको आह्वान

**वासिङटन–** राष्ट्रपति जो बाइडेनले जासुसीको आरोपमा रुसमा पक्राउ परेका वाल स्ट्रिट जर्नलका संवाददाता इभान गर्शकोविचलाई थुनामुक्त गर्न आह्वान गरेका छन् । साथै, उनले रुसी पत्रकारलाई अमेरिकाबाट निष्कासन गर्न पत्रिकाको सम्पादकीय बोर्डले गरेको अनुरोध अस्वीकार गरेका छन् ।

आँधीबाट मिसिसिपी राज्यमा भएको क्षतिको अवलोकन गर्न त्यसतर्फ प्रस्थान गर्नुअघि राष्ट्रपति बाइडेनले पत्रकार इभानलाई मस्कोले रिहा गर्नुपर्ने बताएका हुन् । रुसको संघीय सुरक्षा सेवाका अधिकारीले उनलाई रुसी सैनिकका बारेमा गोप्य सूचना प्राप्त गर्न खोजेको आरोपमा गत बुधबार रुसको चौथो ठूलो सहर येकातेरिनबर्गबाट पक्राउ गरेका थिए ।

पत्रिकाको सम्पादकीय समूहले विचार पृष्ठमा एउटा छोटो टिप्पणी प्रकाशन गर्दै अमेरिकामा रहेका रुसी राजदूत र सबै रुसी पत्रकारलाई देश निकाला गर्नुपर्ने बताएको छ । राष्ट्रपति बाइडेनले तत्काल त्यसो गर्ने सोचमा आफू नरहेको पनि स्पष्ट गरेका छन् ।

पत्रिकाले पत्रकार इभानलाई सम्बोधन गर्दै लेखको एक पत्रमा उनको रिहाइ एवं सुरक्षाका लागि हरसम्भव प्रयास गरिरहने प्रतिबद्धता व्यक्त गरेको छ । उनको सुरक्षालाई पत्रिकाले उच्च महत्व दिएको जनाएको छ । *रासस/एएफपी*

# कराँचीमा भएको भागदौडमा नौजना महिलाको मृत्यु

**कराँची–** कराचीस्थित एक कारखानामा खाद्यान्न वितरण गर्ने क्रममा शुक्रबार भएको भागदौडमा १२ जनाको मृत्यु भएको छ । मृतकहरूमा नौजना महिला रहेका छन् भने तीनजना बालबालिका रहेका छन् ।

निःशुल्क खाद्यान्न वितरण भइरहेको ठाउँमा एक्कासि भागदौड मच्चिदा उक्त दुर्घटना भएको हो । उद्धार अधिकारी र यस क्षेत्रका प्रहरी अधिकारीका अनुसार उक्त स्थानमा ठूलो भीड जम्मा भएको थियो । कारखानामा पेट्रोल चुहावटका कारण आगलागी भएको हल्ला फैलिएपछि भागदौड मच्चिएको बताइएको छ । घाइतेमध्ये कैयौंको अवस्था गम्भीर छ । *रासस/एएनआई*


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGNUM ALUMINIUM & GLASS SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/१७ LT No :283709 चलानी नं. ६०१९९१८०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत २६ गते (9th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 300/059/60

**TRANS WORLD Manpower CO.(P) Ltd.**

3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Fax: 00977-1-4219236
Email: twmanpower@wlink.com.np


## Beldandi Rural Municipality
### Office of The Rural Municipal Executive
### Beldandi, Kanchanpur
### Sudurpaschim Province Nepal

## Invitation of Online Bids

**Date of First Publication : 2079/12/19**

**1. Beldandi Rural Municipality, Beldandi Kanchanpur Invites electronic bids from eligible bidders for following works under National Competitive Bidding Procedure.**

| *Contract Identification No.* | *Description and Location of Works* | *Estimated Amount NRs. (Without VAT and contingencies)* | *Bid Security Valid Period* | *Bid Security Amount (NRs.)* | *Bid Document Fee (NRs.)* |
|---|---|---|---|---|---|
| BRM/2079/80/ Works/NCB-15 | Construction of RCC road from Shivnagar bridge-Khairighat Chaurah-Balram tole, ward no.03,(additional work)Beldandi Kanchanpur | 4220813.7 | 120 days | 1,20,000/- | 3000/- |
| BRM/2079/80/ Works/NCB-16 | Construction of RCC road from Khairighat to Beldandi Bazar, ward no.01(additional work), Beldandi Kanchanpur. | 9715230.04 | 120 days | 2,71,000/- | 3000/- |

**2. Purchase, Submission and Opening details**

| Last date of Bid Submission | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 2080/01/19 | 12:00 | 2080/01/19 | 14:00 | Bidders should download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www. bolpatra.gov.np/egp. For e-bidding, Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified above. |

3. Information to deposit the cost of bidding document in bank: Name of Bank:NMB Bank ,Beldandi.
   Name of office : Beldandi Rural Municipality.
   Office Rajaswa Account no.1180067400500015
4. Electronic bids must be submitted to the office ***Beldandi Rural municipality ,Office of Rural Municipal executive, Kanchanpur***through PPMO's e-GP system www.bolpatra.gov.np. on before 12 pm on 2080/01/19..Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of bidders representatives who choose to attend at 2;00 PM on 2080/01/19 at the office of ***Beldandi Rural Municipality,Office of Rural Municipal Executive,Kanchanpur.***Bids must be accompanied by a bid security for scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of above mentioned bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.If bidder wish to submit bid security in the form of cash ,the cash should be deposited in
   Name of Bank : **NMB Bank,Beldandi,Kanchanpur**
   Name of Office : ***Beldandi Rural Municipality,Office of Rural Municipal Executive Kanchanpur***.
   Deposit account number : 1180067400500041 **ग ३.**
6. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp . For further information about invitation of bids, purchase of bidding documents, submission & opening of bids, etc. contact **Beldandi Rural Municipality, Office of Rural Municipal Executive,Kanchanpur.**
7. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date.
8. Rural Municipality reserves all right to accept or reject, wholly or partially any or all the sealed Tender without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फयाक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०९२०० | प्रति तोला – १०८७०० | प्रति तोला – १४०० |



**पुष्प प्रदर्शनी** | फ्लोरिकल्चर एसोसिएसन नेपालले भृकुटीमण्डपमा आयोजना गरेको २४औं 'फ्लोरा' एक्स्पोमा राखिएको फूल ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

# बजेट तर्जुमाका लागि अर्थले बनायो कार्यतालिका

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट तयारका लागि अर्थ मन्त्रालयले विभिन्न समयसीमासहितको कार्यतालिका तयार पारेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र बजेट तर्जुमा दिग्दर्शनमा भएको व्यवस्थाअनुसार मन्त्रालयले आगामी आवको 'बजेट क्यालेन्डर' तयार पारेको हो ।

कार्यतालिका अनुसार यही चैत १९ देखि २४ गतेसम्म राष्ट्रिय योजना आयोगमा बजेटको नीति तथा कार्यक्रममाथि छलफल हुनेछ । विभिन्न मन्त्रालय मातहतका विभागलाई बजेट तर्जुमा सम्बन्धमा 'पोलिसी पेपर' तयार गरी चैत २० गतेसम्म पेस गर्न भनिएको छ । चैत २१ गतेदेखि अर्थ मन्त्रालयअन्तर्गतको राजस्व व्यवस्थापन महाशाखाले राजस्व परामर्श समितिसँग सम्बन्धित काम थाल्नेछ । विभिन्न सरोकारवाला निकाय र व्यक्तिसँगको छलफलबाट आएका सुझावलाई समेटी समितिले आफ्नो प्रतिवेदन तयार पार्ने मन्त्रालयले जनाएको छ । अर्थ मन्त्रालयका अनुसार सबै विषयगत मन्त्रालयलाई चैत २४ गतेभित्र बजेट प्रस्ताव गरिसक्न र वार्षिक योजना एवं कार्यक्रम 'मन्त्रालयगत बजेट सूचना प्रणाली' (एमएमबीआइएस) मा प्रविष्ट गरिसक्ने भनिएको छ ।




त्यस्तै चैत २६ देखि २८ गतेसम्म बजेटका उद्देश्य, प्राथमिकता र मुख्य कार्यक्रमबारे सङ्घ तथा प्रदेशका सदस्यहरूसँग छलफल गरिनेछ । यही अवधिमा अन्तरसरकारी वित्त परिषद्को बैठक पनि बसिसक्ने अर्थ मन्त्रालयले जनाएको छ । चैत २६ देखि वैशाख २० गतेसम्म आगामी आवको बजेट, कार्यक्रम र खर्चबारे शीर्षकगत छलफल चलाइनेछ । यही अवधिमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयसँग सशर्त अनुदानबारे छलफल हुनेछ । यो छलफलमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक विकास तथा भौतिक पूर्वाधार विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सहभागी हुनेछन् ।

बजेट तर्जुमा कार्यतालिका अनुसार विभिन्न राजनीतिक दलका प्रतिनिधि, पूर्वअर्थमन्त्री, पूर्वगभर्नर, पूर्वअर्थसचिव, अर्थशास्त्री तथा विज्ञबाट बजेटसम्बन्धी सुझाव सङ्कलनको काम वैशाख २६ गतेसम्म सकिसकिनेछ । वैशाख २ देखि २५ गतेसम्म वैदेशिक स्रोतअन्तर्गत प्राप्त हुने रकम यकिन गरी बजेटमा राख्ने काम हुनेछ ।

सार्वजनिक संस्थानको प्रगति विवरण छपाइका लागि वैशाख २० गतेसम्म प्रेसमा पठाइसक्ने मन्त्रालयको योजना छ । त्यस्तै विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको मस्यौदा वैशाख २१ गतेभित्र तयार भइसक्नेछ भने वैशाख २५ गते विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्का दुवै सदनमा पेस हुने कार्यतालिका रहेको छ । अर्थ मन्त्रालयले वैशाख २५ गतेभित्रै विभिन्न द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायबाट प्राप्त हुने प्राविधिक सहायता तथा अन्य गैरसरकारी संस्थामार्फत परिचालन हुने सहायता यकीन गरिसक्नुपर्नेछ ।

आर्थिक सर्वेक्षण र मन्त्रालयगत प्रगति विवरण छपाइका लागि वैशाख ३० गतेसम्म प्रेसमा पठाइसक्नुपर्नेछ । जेठ १ गतेसम्म बजेट वक्तव्यको मस्यौदा तयार भइसक्नेछ भने जेठ ५ गतेसम्म राजस्व परामर्श समितिले आफ्नो प्रतिवेदन अर्थमन्त्रीसमक्ष पेस गरिसक्नेछ । राष्ट्रपतिलाई बजेट ब्रिफिङ गरिसक्ने समय जेठ १० गतेका लागि तोकिएको छ । त्रिवर्षीय खर्च अनुमानसहित वार्षिक व्यय अनुमानको मस्यौदा तयार पार्ने र शीर्षकगत खर्च अनुमानको अङ्क रुजु गर्ने काम जेठ १० गतेसम्म सकिसक्नेछ ।

व्यय अनुमानसम्बन्धी किताब छपाइका लागि जेठ १२ गतेको मिति तोकिएको छ । जेठ १३ गतेसम्म अर्थ मन्त्रालयले आर्थिक विधेयक, विनियोजन विधेयक र बजेट वक्तव्यलाई अन्तिम रूप दिइसक्नेछ । आर्थिक विधेयक, विनियोजन विधेयक, राष्ट्र ऋण उठाउने विधेयक, ऋण तथा जमानत विधेयकबारे राष्ट्रिय योजना आयोग र मन्त्रिपरिषद्लाई बिफ्रिङ गर्ने, छपाइमा पठाउने काम जेठ १४ गते हुनेछ । आर्थिक सर्वेक्षण, संस्थानको प्रगति विवरण र मन्त्रालयको प्रगति विवरण जेठ १४ गते सङ्घीय संसद्का दुवै सदनमा पेस हुनेछ भने जेठ १५ गते बजेट सार्वजनिक हुनेछ ।

# रसुवागढी नाका पूर्ण सञ्चालन

■ प्रभाव संवाददाता

**रसुवा–** कोभिड-१९ सङ्क्रमणसँगै बन्द भएको रसुवागढी नाका शनिबारदेखि पुनः सञ्चालनमा आएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मधुकुमार मरासिनी र चीनको स्वशासित क्षेत्र तिब्बतका उपाध्यक्ष सिलाङ निमाको उपस्थितिमा रसुवागढीको मितेरीपुलबाट नेपालमा निर्मित सामग्री बोकेका नेपाली कन्टेनर केरूङतर्फ पठाइएको छ । नाका खुलाउन वार्ता सम्पन्न गरी चीनको तिब्बतबाट फर्कनुभएका सचिव मरासिनीका साथै गृह मन्त्रालयका सहसचिव जीतेन्द्र बस्नेतको टोली रसुवागढी नाकाहुँदै रसुवा फर्कनुभएको थियो ।

कोरोना सङ्क्रमणपश्चात बन्द चीनसित जोडिएका अन्य सिमानाका क्रमशः सञ्चालनमा आउने सचिव मरासिनीले जानकारी दिए । आगाम मे १ देखि तातोपानी नाकासमेत पुनः सञ्चालनमा आउने उनले बताए ।

नाका पुनः सञ्चालनमा आएपछि यहाँका व्यापारीमा उत्साह छाएको नेपाल केरूङ व्यापार सङ्घका संस्थापक अध्यक्ष मानबहादुर तामाङले बताए । रसुवागढी नाका पुनः सञ्चालनमा आएसँगै बाँसका मुढा, कार्पेट, धातुजन्य सामग्रीलगायत सामग्री बोकेका २४ मालवाहक ट्रक आजै केरूङतर्फ पठाइएको छ । मालसामान आयातका लागि शनिबार ६३ ट्रक केरूङ पठाउने तयारी भइरहेको सीमा प्रहरीचौकी टिमुरेले जनाएको छ ।

केरूङका लागि आठ सय ८७ ट्रक पालैपालो पठाइने भएको छ । कोरोना सङ्क्रमणका कारण २०७६ माघ २७ गतेदेखि बन्द भएको मितेरीपुल आज बिहान ७ बजेदेखि पुनः सञ्चालनमा आएको हो । नाका खुलेसँगै कोरोना परीक्षण गरेका चालक र स्थायी अनुमतिपत्र भएका रसुवावासीलाई मात्र केरूङ जान दिने चिनियाँ अधिकारीले आफूलाई जानकारी दिइएको रसुवा भन्सार कार्यालय टिमुरेका प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीले जानकारी दिए ।

# टरिगाउँमा पहिलेकै धावनमार्ग विस्तार गरिने

**दाङ–** दाङको तुलसीपुर-१२ स्थित टरिगाउँ विमानस्थल विस्तारका लागि पहिलो विकल्प छनोट गरिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन सार्वजनिक गरेको थियो । तीमध्ये पहिलो विकल्पमा काम अगाडि बढाउन थालिएको तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीले बताए । 'क्यानले चार वटा विकल्प दिएको थियो', उनले भने, 'तीमध्ये हामीले पहिलो विकल्प रोजेर पठएका छौं ।'



पहिलो विकल्पअनुसार पुरानै धावनमार्गलाई बढाउने गरी तयारी गरिएको उहाँको भनाइ छ । हालको सात सय ५० मिटर धावनमार्ग बढाएर एक हजार दुई सय ३० मिटर लम्बाइ बनाउने तयारी छ । उपमहानगरद्वारा गठित टरिगाउँ एयरपोर्ट विस्तार सहयोग समितिका संयोजक चौधरीले सोहीस्तरको विमान बनाउन ५७ बिघा जग्गा चाहिने जानकारी दिए । विमानस्थलको ३९ बिघा जग्गा छ । बाँकी सामुदायिक वनको १२ बिघा, अधिग्रहण एक दशमलव दुई बिघा र सार्वजनिक जग्गा चार दशमलव आठ बिघा लैजानुपर्छ ।

विमानस्थल बनाउँदा रु छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय लागत अनुमान गरिएको छ । सोहीअनुसार 'फाइल' सम्बन्धित निकायमा पठाइसकेको उनले बताए । आगामी वर्षको बजेटमा त्यो कुरा उल्लेख हुने गरी लागेको उनले बताए ।

सोही विकल्पअनुसार फुटपाथ तथा संरचना निर्माणको कामलाई रु दुई अर्ब ७६ करोड ५० लाख ९४ हजार आठ सय ६०, भवनलगायतका सामग्रीलाई रु तीन अर्ब १३ करोड ४२ लाख ४० हजार, विविध कामका लागि रु १५ करोड ७३ लाख २० हजार र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि रु १० करोड २५ लाख लागत अनुमान गरिएको छ ।

यो विकल्पअनुसार अहिले रहेका घर फाल्न पर्दैन । मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ । यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ । यसमा रातको समयमा र कम 'भिजिबिलिटी' हुँदा अवतरण गर्नसक्ने अवस्था रहँदैन । रातमा हवाई अवतरण गर्न थप चार सय ५० मिटर जमिन चाहिन्छ । यो डिजाइनअनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ । यसमा 'आइई' र 'इआइए' गर्न दुई वर्ष लाग्छ । साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्छ ।

टरिगाउँ विमानस्थलमा विसं २०११ देखि २०४२ सालसम्म नियमितरूपमा विमान सञ्चालनमा भएको हो । त्यतिबेला सीधा दाङ काठमाडौं जाने यातायातको अर्को विकल्प थिएन । राप्ती नदीमा पुल निर्माण भइसकेको थिएन । बुटवलस्थित तिनाउमा पनि पुल थिएन । यात्रु रूपैडिया र भैरहवा भएर भारतीय भूमि हुँदै विराटनगर वा काठमाडौं जानुपर्ने परिस्थिति थियो । केही समय अवरोध भए पनि जसोतसो २०७० सम्म विमान सञ्चालनमा आएको थियो ।

त्यसपछि टरिगाउँ विमानस्थलको कालोपत्रेको लागि विमान अवरुद्ध बन्यो । विमान कालोपत्रे भएपछि तारा एयरले पहिलोपटक दाङ र रुकममा एकै दिन परीक्षण उडान भरेको थियो । त्यसपछि रुकुममा विमान नियमित भए पनि त्यसको झन्डै एक वर्षको अन्तरालमा मात्रै ०७२ जेठ १४ देखि टरिगाउँ विमानस्थलबाट गोमा एयरले विमान सेवा सुरु गरेपनि एक वर्ष पुग्दा नपुग्दै अवरुद्ध बन्यो ।

त्यसको प्रमुख कारण पर्याप्त यात्रु नपाउनु थियो । २०७५ सालदेखि भने नियमितरूपमा हवाई सञ्चालन भइरहेको छ । उक्त विमानस्थलमा हाल १९ सिट क्षमताको विमान मात्रै अवतरण गर्न सक्छ । रु साढे आठ करोडको टेन्डरबाट कालोपत्रे गरिएको टरिगाउँ विमानस्थलको धावनमार्गको लम्बाइ सात सय ५० मिटरको छ भने चौडाइ ३० मिटर छ । ठूला खाले विमान अवतरणलाई कम्तीमा धावनमार्गको लम्बाइ एक हजार दुई सय मिटरदेखि माथि एक हजार पाँच सय मिटरसम्मको र चौडाइ ३० देखि ५० मिटरसम्मको धावन मार्ग कालोपत्रे आवश्यक पर्छ । हाल यहाँ नेपाल एयरलाइन्स र सीता एयरलाइन्सका जहाजले उडान भरिरहेका छन् । हाल शुक्रबारबाहेक सबै दिन टरिगाउँबाट हवाई सेवा छ । *रासस*

**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं ।**

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं ।
- सेवाग्राहीले सहज र सरलरूपमा सेवा लिनसक्ने व्यवस्था मिलाऔं ।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, बिचौलियामार्फत काम नगरौं ।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं ।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ